# अध्याय एक

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधको शीर्षक *गोरखा जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको दैनिकी लेखन क्षमताको अध्ययन* रहेको छ ।

## १.२ शोध प्रयोजन

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली शिक्षा स्नातकोत्तर तह चौथो सत्रको नेपाली शिक्षा ५४४ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

## १.३ अध्ययनको पृष्ठभूमि

भाषा मानिसको अपरिहार्य साधन हो । भाषा विचार विनिमयको माध्यम भएको हुनाले मानिसबाट आफ्नो अनुभव, अनुभूति, भाव, विचार व्यक्त गर्न जे बोलिन्छ, त्यो नै भाषा हो । भाषा ध्वन्यात्मक वाक् प्रतीकको समूह भएकाले यसको आधारभूत सम्बन्ध उत्तमारण अवयव र मौखिक रूपसँग रहेको हुन्छ । मौखिक भाषा सामान्य र विचार विनिमयका लागि सरल, सुगम र प्रभावकारी हुन्छ भने लिखित भाषा उपयोग गरी मानवीय विचार र भावनालाई सङ्ग्रह गरेर कालान्तरसम्म राख्न सकिन्छ । मानिसको उमेर र सामाजिक सम्पर्कको विस्तारको फलस्वरूप मानिसमा भाषाको विकास हुँदै जाने भएकाले त्यो मानवीय व्यवहार र सामाजिक सम्पर्कको अभिन्न अङ्ग बनेको छ । त्यसैले मानवीय भाव, विचारलाई व्यक्त गर्ने लिखित र मौखिक दुबै माध्यमको भाषा प्रयोग गरिन्छ ।

मानवीय जीवनका विभिन्न कुराहरु एक अर्काप्रति आदान प्रदान गर्ने तथा विचारहरु विनियमका माध्यमहरुमा वितरण गर्ने भाषाका चार सिप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) एक अर्कासँग सम्बन्धित भएर रहेका हुन्छन् । मानिसले आफूले आर्जन गरेको ज्ञान, सिप र धारणाहरु अरू समक्ष प्रस्तुत गर्न, व्यावहारिक कार्य सम्पन्न गर्न, अनुमति वा आदेश लिन दिन र आफ्ना घटना विवरणलाई स्मरणमा राख्न लेख्य भाषाको प्रयोग गरिन्छ, जसबाट सिर्जनात्मक क्षमताको विकास हुने हुँदा लेखाइ सिपको आवश्यकता पर्दछ ।

मानिसको मनमा गुम्सिएका कुरा व्यक्त गर्ने महत्त्वपूर्ण माध्यम लेखाइ सिप नै हो । लेखाइ सिप विकास गराउने एक माध्यम दैनिकी लेखन पनि हो । दैनिकी लेखन क्षमताको शाब्दिक अर्थलाई केलाउँदा दैनिकीको अर्थ दिनदिनै हो । दैनिकी लेखन रूपक विधा अन्तर्गतको गद्य लेख्य, उपविधा हो । दैनिकीमा व्यक्ति विशेषका निजी कुरा भावना शैली र सिर्जनाहरु प्रतिविम्बित हुन्छन् । त्यसैले यो नितान्त वैयक्तिक रचना हो ।

कुनै पनि व्यक्तिको दिनभरिको घटनालाई समेटेर तयार पारिएको रचनालाई नै दैनिकी भनिन्छ । विभिन्न समयमा घटेका घटना, गरेका कार्य देखे सुनेका कुरा, ज्ञान गरेका वा थाहा पाएका कुरा र अनुभव गरेका कुराहरुको तिथिमिति र स्थान समेत उल्लेख गरी गरिने वैयक्तिक टिपोटलाई नै दैनिकी लेखन भनिन्छ । यसमा व्यक्तिले बिहान उठेदेखि बेलुकासम्म गरेका सम्पूर्ण कुराहरुको विवरण प्रस्तुत गरिन्छ । यसलाई दैनन्दिनी वा अङ्ग्रेजी भाषामा 'डेली डायरी' पनि भन्ने गरिन्छ । दैनिकीमा व्यक्तिका जीवनका महत्त्वपूर्ण घटनाहरुको अभिलेखबाट उसको जीवनी सम्बन्धी अध्ययनका लागि सहयोगी हुन्छ । दैनिकीमा प्रस्तुत गरिने कुराहरु भविष्यका लागि स्मरण योग्य हुन्छ । व्यक्तिले जीवनमा प्राप्त गरेका अनुभव, उसको जीवनका भोगाइ, जीवनमा आएका उतार चढाब र जीवनका आरोह अवरोहलाई थाहा पाउनका लागि दैनिकीको निकै ठुलो महत्त्व रहेको छ । यो एक प्रकारको लिखित अभिव्यक्ति भएकाले यसका माध्यमबाट एकातिर विद्यार्थीको लेखन सिपको विकास हुन्छ भने अर्कोतिर दैनिकीको अध्ययनबाट सम्बन्धित व्यक्तिको जीवनलाई बुझ्न सहयोग गर्दछ । दैनिकी लेखाइ सिपको विकास गर्ने एउटा माध्यम पनि हो । विद्यार्थीलाई जागरिलो र नियमित बनाई रोचक शैली र सिलसिलाको निर्माण गरी लेखन कलाको विकास गर्नु यसको मुख्य ध्येय हो ।

## १.४ समस्या कथन

भाषा विचार विनिमयको एक सशक्त माध्यम हो, जसबाट मानिसहरु एक अर्काको विचार आदान प्रदान गर्नका लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइमा संलग्न हुन्छन् । भाषाको प्रयोग क्षेत्र समाज हो । जब एउटा बालक जन्मन्छ, त्यस बेलादेखि नै उसले भाषाका माध्यमबाट सामाजिक जीवन व्यतित गर्न थाल्दछ । मान्छेको शरीर नास भएर जान्छ तर उसको देन कहिलै नासिँदैन । कुनै लिपिमा आबद्ध भावनात्मक प्रतिभा व्यक्तिका देन हुन् । यी कुराहरु लेखाइबाट प्रस्टिन्छन् । त्यसैले हरेक परिस्थिति र आवश्यकता परिपूर्ति

गर्नको लागि पनि लेखन सिपको अत्यन्त आवश्यकता पर्दछ । समाजलाई मार्ग निर्देशन गर्न र समाजका विविध पक्षको उद्घाटन गर्न लिखित क्षमताको आवश्यकता पर्दछ जस मध्ये दैनिकी लेखन पनि एक महत्त्वपूर्ण कार्य हो । दैनिकी कुनै पनि व्यक्तिको दिनभरिको घटनालाई समेटेर तयार पारिएको रचना हो (अधिकारी, २०६९ : १३५) । यसमा व्यक्तिले बिहान उठेदेखि बेलुकासम्म गरेका सम्पूर्ण कुराहरुको विवरण प्रस्तुत गरिएको हुन्छ । त्यसैले दैनिकी लेखन क्षमताको अध्ययनले गर्दा विद्यार्थीहरुमा विहानदेखि बेलुकासम्मका सम्पूर्ण कुराहरु थाहा हुने भएकाले र भविष्यमा आफ्नो जीवनीलाई हेर्न सकिने हुँदा यो अध्ययन आवश्यक रहेको देखिन्छ ।

'गोरखा जिल्लामा कक्षा १० मा अध्ययनरत विद्यार्थीको दैनिकी लेखन क्षमताको अध्ययन' शीर्षकमा रहेको शोधकार्यसँग सम्बन्धित समस्यालाई प्रश्नार्थक रूपमा तल प्रस्तुत गरिएको छ :

(क) गोरखा जिल्लाका कक्षा १० मा अध्ययनरत विद्यार्थीको दैनिकी लेखन क्षमता कस्तो छ ?

(ख) लैङ्गिकताका आधारमा विद्यार्थीको दैनिकी लेखन क्षमताको तुलनात्मक स्थिति के-कस्तो छ ?

(ग) विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीको दैनिकी लेखन क्षमताको तुलनात्मक स्तर के-कस्तो छ ?

## १.५ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको उद्देश्य निम्न लिखित रहेका छन् :

(क) समग्र विद्यार्थीहरुको दैनिकी लेखन क्षमता पत्ता लगाउनु

(ख) लैङ्गिक आधारमा विद्यार्थीहरुको दैनिकी लेखन क्षमताको तुलना गर्नु र

(ग) विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीको दैनिकी लेखन क्षमताको तुलना गर्नु ।

## १.६ अध्ययनको सान्दर्भिकता र उपादेयता

कुनै पनि अध्ययन अनुसन्धान चुनौतीपूर्ण र महत्त्वपूर्ण हुन्छ । औचित्य र सन्दर्भविनाको कार्यले अध्ययन अनुसन्धान कार्यलाई  गन्तव्यमा पुऱ्याउन सक्दैन । भाषिक

सिपहरुको शिक्षण नै भाषा शिक्षण भएकाले यससँग सम्बन्धित अनुसन्धान पनि अति सान्दर्भिक हुन्छ । भाषिक सिपको विकासमा दैनिकी लेखनको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

लेखाइ सिप विकासको एक महत्त्वपूर्ण पक्षको रूपमा दैनिकी लेखन रहेको छ । माध्यमिक तहको पाठ्यक्रमले दैनिकी लेखन विधालाई पनि समावेश गरेको छ । विद्यार्थीहरुको लेखन क्षमतामा आवश्यक विकास नभएको खण्डमा सम्बन्धित तहका लागि निर्माण गरिएको पाठ्यक्रमको उद्देश्य के कति पुरा हुन सके; त्यसका लागि लेखन क्षमताको अध्ययन आवश्यक देखिन्छ । भाषिक सिपको विकासमा पनि दैनिकी लेखनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । दैनिकी लेखन प्रक्रिया लेखाइ सिपको विकासका लागि महत्त्वपूर्ण कार्यकलापको रूपमा रहेको छ । भाषा पाठ्यक्रम विद्लाई पाठ्यक्रममा सुधार र परिमार्जन गर्न, पाठ्य पुस्तकमा प्रभावकारी एवम् उद्देश्यमूलक विषय वस्तु चयन गर्न, शिक्षकलाई विद्यार्थीको अनुसार स्तरीय रूपबाट शिक्षण विधि र प्रक्रियालाई अगाडि बढाउन र समग्रमा विद्यार्थीको लेखन क्षमतालाई बुझ्ेर शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी, व्यवस्थित एवम् उद्देश्यमूलक बनाउन लेखन क्षमताको अध्ययनबाट सहयोग पुग्ने हुँदा यस अध्ययनको महत्त्व रहेको छ ।

दैनिकी लेखन प्रक्रिया लेखाइ सिपको विकासका लागि महत्त्वपूर्ण कार्यकलापको रूपमा रहेको पाइन्छ । दैनिकी लेखन क्षमताको अध्ययनबाट लेखाइ सिपको स्तरीकरण गर्न, लेखन क्षमताको विकास गर्न, विद्यार्थीले दैनिकी लेख्दा गर्ने त्रुटिको क्षेत्र पहिचान गर्न र विद्यार्थीका दैनिक जीवनका महत्त्वपूर्ण घटनाहरुको अभिलेखबाट कुनै पनि व्यक्तिको जीवनी सम्बन्धी अध्ययनका लागि सहयोग पुऱ्याउन सक्छ । कुनै पनि व्यक्तिले जीवनमा प्राप्त गरेका उतार चढाब, जीवनका आरोह अवरोह थाहा पाउनका लागि दैनिकीको निकै ठुलो महत्त्व रहेको हुन्छ । दैनिकी लेखन क्षमताको अध्ययन गरी स्वतन्त्र, मौलिक र सिर्जनात्मक लेखन सिपको विकासका साथै भाषिक शुद्धता, शैली सौन्दर्य, लेखाइमा आकर्षण बढाई लेख्य सिपमा आत्म निर्भर बन्न र यसबाट विद्यार्थीहरुका लेखनमा देखिएका समस्या समाधान गर्नमा पनि आवश्यक सहयोग पुग्ने भएकाले प्रस्तुत अध्ययन औचित्यपूर्ण बन्ने देखिएको छ । खास गरी यस अध्ययनले

(क) गोरखा जिल्लाका माध्यमिक तहमा अध्ययनरत विद्यार्थीलाई दैनिकी लेखन क्षमताका बारेमा जानकारी दिएको छ ।

(ख) भाषाको लेखाइ सिप विकासमा दैनिकी लेखन प्रक्रियाका महत्त्वपूर्ण पक्षहरुको जानकारी प्रदान गरेको छ ।

(ग) आगामी दिनमा अनुसन्धान गर्ने अनुसन्धानकर्तालाई पनि आवश्यक सहयोग पुऱ्याउन सक्ने ठानिएको छ ।

## १.७ अध्ययनको सीमाङ्कन

कुनै पनि अध्ययनको क्षेत्र विस्तृत र व्यापक हुने गर्दछ । अनुसन्धान एक जटिल एवम् चुनौतीपूर्ण कार्य हो । अनुसन्धानमूलक कार्यलाई अगाडि बढाउन अध्ययनका सबै पक्षलाई समेट्न सम्भव नहुने भएकाले यस अध्ययनको व्यापकताको गहिराइलाई निश्चित क्षेत्र र तहमा सीमित गरिएको छ । यस्तो नभएमा अध्ययनीय मार्ग नै धरासायी बन्ने सम्भावना प्रबल रहन्छ । त्यसैले कुनै खास क्षेत्रको यथार्थ र पूर्ण अध्ययन गर्नका लागि अध्ययनीय क्षेत्रको सीमा किटान गर्नुपर्ने हुँदा प्रस्तुत अध्ययनलाई निम्न लिखित सीमामा आवद्ध गरिएको छ :

(क) यो अध्ययन गोरखा जिल्लाको गोरखा नगर पालिकामा मात्र सीमित रहेको छ ।

(ख) यस अध्ययनमा गोरखा नगर पालिकाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका विद्यार्थीहरुमा मात्र केन्द्रित रहेर परीक्षण गरिएको छ ।

(ग) सामुदायिक र संस्थागत प्रत्येक विद्यालयबाट १०/१० जना विद्यार्थीका दरले जम्मा १०० जना विद्यार्थीहरुमा मात्र अध्ययन सीमित रहेको छ ।

(घ) छात्र र छात्राबिचको दैनिकी लेखन क्षमताको तुलनात्मक अध्ययनमा सीमित रहेको छ ।

(ङ) सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको दैनिकी लेखन क्षमताको तुलनात्मक अध्ययनमा मात्र सीमित रहेको छ ।

(च) प्रस्तुत अध्ययन अध्येतालाई सहज हुने गरी सुविधा जनक नमुना छनोटमा आधारित रहेको छ ।

## १.८ अध्ययनपत्रको रूपरेखा

प्रस्तुत अध्ययनलाई निम्न लिखित अध्यायमा विभाजन गरी प्रस्तुत गरिएको छ :

**अध्याय एक**

यस अध्यायमा **शोध परिचय** रहेको छ । यस अन्तर्गत पृष्ठ भूमि, समस्या कथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, पूर्वकार्यको महत्त्व, अध्ययनको सान्दर्भिकता र उपादेयता, अध्ययनको सीमा, अध्ययनको रूपरेखा रहेको छ ।

**अध्याय दुई**

यस अध्यायमा **पूर्वकार्यको समीक्षा** र **सैद्धान्तिक अवधारणा** रहेको छ । यस अन्तर्गत विभिन्न पुस्तक, शोधपत्रहरुको समीक्षा गरिएको छ र दैनिक लेखन सम्बन्धी विभिन्न सैद्धान्तिक अवधारणाहरु प्रस्तुत गरिएको छ ।

**अध्याय तिन**

यस अध्यायमा **अध्ययन विधि र प्रक्रिया** रहेको छ । यसमा जनसङ्ख्या पहिचान, प्रतिनिधिमूलक नमुना छनोट, सामग्री सङ्कलनका स्रोतहरु, सामग्री निर्माण, तथ्याङ्कको विश्लेषण र विश्लेषण प्रक्रियाहरु समावेश रहेको छन् ।

**अध्याय चार**

यस अध्यायमा **समग्र विद्यार्थीको दैनिक लेखन क्षमताको अध्ययन** रहेको छ । यसमा विद्यार्थीहरुको दैनिकी लेखन क्षमता सम्बन्धी विविध आधारहरुका माध्यमले आवश्यक अध्ययन विश्लेषण गरिएको छ ।

**अध्याय पाँच**

यस अध्यायमा **लैङ्गिकताका आधारमा विद्यार्थीको दैनिकी लेखन क्षमताको अध्ययन** रहेको छ । यसमा छात्र र छात्राको दैनिकी लेखन क्षमतासम्बन्धी विविध आधारहरुका माध्यमले आवश्यक अध्ययन विश्लेषण गरिएको छ ।

**अध्याय छ**

यस अध्यायमा **विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरुको दैनिकी लेखन क्षमताको अध्ययन** रहेको छ । यसमा सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको दैनिक लेखन क्षमता सम्बन्धी विविध आधारहरुका माध्यमले आवश्यक अध्ययन विश्लेषण गरिएको छ ।

**अध्याय सात**

यस अध्यायमा **सारांश, निष्कर्ष र उपयोगिता** समावेश गरिएको छ ।

उक्त वाहेक सन्दर्भ सूची, परिशिष्ट र व्यक्ति वृत्तलाई समावेश गरेर शोधपत्रलाई अन्तिम रूप दिइएको छ ।

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको पुनरावलोकन

कुनै पनि अनुसन्धान गर्नुपूर्व त्यस विषयसँग सम्बद्ध भएर गरेका अनुसन्धानात्मक कार्यहरुको पुनरावलोकन गर्नु नै पूर्वकार्यको पुनरावलोकन हो । दैनिकी लेखन सम्बन्धी पूर्व अनुसन्धानको अध्ययनलाई हेर्दा सीमित मात्रामा मात्र अनुसन्धान भएको पाइन्छ । दैनिकी लेखन सम्बन्धी विभिन्न पुस्तकहरुलाई पूर्वकार्यका रूपमा लिन सकिन्छ । दैनिकी लेखनको लागि यसअघि गरिएका पर्याप्त नहुने हुँदा यससँग मेल खाने अन्य अनुसन्धानात्मक लेखहरुलाई पनि दैनिकी लेखनको पूर्वकार्यको रूपमा मान्न सकिन्छ । त्यसैले पुनरावलोकनलाई तल दुई भागमा विभाजन गरी प्रस्तुत गरिएको छ :

(१) पुस्तकको पुनरावलोकन

(२) शोधपत्रको पुनरावलोकन

### २.१.१ पुस्तकको पुनरावलोकन

दैनिकी लेखनलाई मात्र आधार बनाएर कुनै पनि पुस्तकहरु आजसम्म लेखिएको पाइँदैन तर माध्यमिक तहका अनिवार्य नेपाली भन्ने पाठ्य पुस्तकमा दैनिकी लेखन सम्बन्धी पाठ समावेश गरी चर्चा परिचर्चा भएको पाइन्छ । यसका साथै केही विद्वान्हरुले विभिन्न पुस्तकहरुमा दैनिकी लेखन सम्बन्धी चर्चा परिचर्चा गरेको पाइन्छ । यस्तो किसिमको चर्चा परिचर्चालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

अधिकारी (२०६७) द्वारा नेपाली भाषा शिक्षण नामक पुस्तक प्रकाशन भएको छ । यस पुस्तकमा वाक्यगठनको बारेमा चर्चा गरिएको छ । यस पुस्तकको नेपाली वाक्य रचना शिक्षण अन्तर्गत दुई शीर्षक राखी पहिलोमा वाक्य रचना शिक्षणको प्रयोजन र दोस्रोमा वाक्य रचनाका आधारभूत तत्वको शिक्षण भित्र लिङ्ग, वचन, आदर, पुरुष, काल, पक्ष, भाव र वाच्य आदिको उदाहरण सहित कार्यकलापहरु प्रस्तुत गरिएको छ । जसले दैनिकी लेखनमा पनि ठूलो सहयोग पुऱ्याएको पाइन्छ ।

शर्मा र पौडेल (२०६७) द्वारा *नेपाली भाषा र साहित्य शिक्षण* पुस्तकमा व्यक्तिका दैनिक जीवनका घटनाहरुको अभिलेखबाट कुनै पनि व्यक्तिको जीवन सम्बन्धी अध्ययनका

लागि सहयोग हुने भएकाले सम्बन्धित व्यक्तिका जीवनीलाई बुझ्नका लागि निकै महत्त्व रहेको कुरा उल्लेख गरेको पाइन्छ (हेर्नु : ७५) । यसमा दैनिकी लेखनले विद्यार्थीको स्मरण शक्ति बढाउने तथा सिर्जनात्मक लेखनको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने कुरा उल्लेख गरिएको छ । उक्त पुस्तकमा प्रत्येक विद्यार्थीको कक्षा क्रमाङ्क अनुसार पालो बाँधेर हरेक दिन कक्षा सुरु गर्दा दुई तिन मिनेट जति एउटाको दैनिकी सुन्ने नियमित व्यवस्था मिलाउने कार्यकलापले अझ प्रेरणामूलक र फाइदाजनक हुने कुरा उल्लेख गरिएको छ । यो पुस्तकको अध्ययनले शोधार्थीलाई शोधकार्य सम्पन्न गर्न सैद्धान्तिक आधार प्राप्त हुने देखिन्छ ।

शर्मा र पौडेल (२०६८) द्वारा *नेपाली भाषा शिक्षणका सन्दर्भहरु* नामक पुस्तकमा दैनिकी लेखनमा लेखाइ सिपसँग सम्बन्धित कार्यकलापमा मौलिक र स्वतन्त्र एवम् सिर्जनात्मक लेखन कलाको पूर्वाधार तयार गर्नु र सोही अनुसारको सिपको विकास गर्नुमा दैनिकी विधाको मूल प्रयोजन रहने कुरा उल्लेख गरेको पाइन्छ (हेर्नु : ५८) । शिक्षण प्रक्रियामा दैनिकी लेखनको नमुना सामग्री वा सन्दर्भ सामग्रीको पर्याप्त उपयोग गरेर त्यसको स्वरूप र ढङ्ग ढाँचाको परिचय दिनुपर्छ । विद्यार्थीलाई दैनिकी लेखन सम्बन्धी स्तरयुक्त विषय वस्तु र शीर्षक दिएर कक्षामा नै अभ्यास गराउनु पर्छ, हरेक विद्यार्थीहरुलाई दैनिकी लेख्ने छुट्टै कापी र डायरी बनाई प्रत्येक दिन सुत्नुभन्दा अगाडि दिनभरिमा देखेका, सुनेका, थाहा पाएका र पढेका विविध विषयमा केही न केही लेख्न निर्देशन दिनुपर्छ भन्ने निर्देशनका बारेमा समेत निष्कर्षमा उल्लेख गरेको पाइन्छ ।

लामिछाने (२०६९) द्वारा लिखित *नेपाली भाषा शिक्षण* नामक पुस्तक विशेष गरी माध्यमिक तहमा विभिन्न सिप तथा विधाहरुको शिक्षण कसरी गर्ने भन्ने कुरामा केन्द्रित रहेको देखिन्छ । उक्त पुस्तकको एकाइ सत्ताइसमा दैनिकी शिक्षण रहेको छ जस अन्तर्गत दैनिकी शिक्षणको प्रयोजन र दैनिकी शिक्षणका कार्यकलाप रहेको पाइन्छ । तसर्थ यो पुस्तक दैनिकी लेखनमा उपयोगी देखिन्छ । यस पुस्तकको अध्ययनले शोध कार्यलाई सम्पन्न गर्नका लागि सैद्धान्तिक आधार प्राप्त हुने देखिन्छ ।

पौडेल (२०७०) द्वारा *नेपाली भाषा शिक्षण नामक* पुस्तकमा दैनिकीको परिचय, दैनिकी विधा पाठ्य पुस्तक राख्नुको मूल प्रयोजन, लेख्य विधा भए पनि यसले सुनाइ, बोलाइ, पढाइ जस्ता भाषिक सिप समेतको विकास गर्न उपयोगी बनाउन सकिने उल्लेख

गरिएको पाइन्छ (हेर्नु : ५९) । भाषा शिक्षणका क्रममा दैनिकीलाई पाठ्य विषय बनाएर त्यसको संरचना लेख्य र व्याकरणात्मक ज्ञान तथा प्रयोजन पुरा गर्ने कौशलको विकासमा समेत उपयोगी बनाउन सकियोस् भन्ने हिसाबले शिक्षण प्रक्रिया र उपयोगका तरिकाका बारेमा प्रस्तुत गरिएको पाइन्छ ।

उक्त बाहेक बजारमा पाइने भाषा शिक्षण सम्बन्धी अन्य विभिन्न पुस्तकहरुमा दैनिकी लेखन सम्बन्धी विभिन्न कार्यकलापहरुको बारेमा उल्लेख गरिएको पाइन्छ । ती सबैको नालीबेली दिएर साध्य छैन । अतः उक्त पुस्तकहरुको अध्ययनले मात्र पनि दैनिकी लेखन सम्बन्धी आवश्यक प्रक्रिया र अवधारणाहरु पर्याप्त मात्रामा दिने हुँदा प्रस्तुत शोधका महत्त्वपूर्ण र मार्ग दर्शन आधार सामग्री बनेका छन् ।

### २.१.२ शोधपत्रको पुनरावलोकन

दैनिकी लेखन सम्बन्धी सीमित मात्रामा मात्र अनुसन्धान भएको पाइन्छ । यसै लेखसँग सम्बन्धित बनाएर अन्य लेखन कलाहरुको भने पर्याप्त मात्रामा अनुसन्धान भएको पाइन्छ । उक्त अनुसन्धानात्मक लेखहरुको अध्ययनबाट प्रस्तुत शोधकार्यलाई सैद्धान्तिक आधार प्राप्त हुनुका साथै मार्ग दर्शन पनि मिल्ने भएकाले उक्त अनुसन्धानात्मक लेखहरुको क्रमशः पुनरावलोकन गरिएको छ :

पौडेल (२०६५) द्वारा *कक्षा नौ पुरा गरेका विद्यार्थीहरुको वाद विवाद लेखन क्षमताको अध्ययन* शीर्षकमा अध्ययन भएको पाइन्छ । उक्त अध्ययनको उद्देश्य कक्षा आठ पुरा गरेका विद्यार्थीहरुको वाद विवाद लेखन क्षमतालाई लिएर सरकारी, निजी, ग्रामीण र सहरी विद्यालयका विद्यार्थीहरुमा लेखन क्षमताका बिचमा तुलना गर्नु रहेको पाइन्छ । नमुना सर्वेक्षण विधिबाट उपत्यकाभित्रका पाँच सरकारी र पाँच संस्थागत विद्यालयका कक्षा नौका छ/छ जना गरी जम्मा ६० जना विद्यार्थीहरुलाई जनसङ्ख्याको रूपमा छानिएको पाइन्छ । क्षेत्रीय अध्ययन विधि र तुलनात्मक विधिको उपयोग गरी व्याख्या गर्दै निष्कर्षमा कक्षा आठ पुरा गरेका विद्यार्थीहरुको वाद विवाद लेखन क्षमता उत्तम रहेको, लैङ्गिकताका आधारमा छात्र तथा छात्रा समूहका विद्यार्थीहरुको वाद विवाद लेखन क्षमता र सहरीभन्दा ग्रामीण क्षेत्रका विद्यार्थीहरुको लेखन क्षमता उत्तम रहेको देखाइएको पाइन्छ ।

पाण्डेय (२०६६) द्वारा *कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन* शीर्षकमा शोध तयार गरिएको पाइन्छ । उक्त शोधको उद्देश्य कक्षा

बाह्रमा अध्ययनरत विद्यार्थीहरुको भाषिक क्षमताको आधारमा, लैङ्गिकताको आधारमा, ग्रामीण र सहरी परिवेशका आधारमा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको कमी कमजोरी पत्ता लगाई निराकरणको लागि आवश्यक सुझाब दिने उद्देश्य राखेको पाइन्छ । नमुना सर्वेक्षण विधिबाट सामग्री सङ्कलन गरिएको पाइन्छ । उक्त अध्ययनको लागि रूपन्देही जिल्लाका आठ वटा उत्तम मा.वि.बाट १०।१० जना विद्यार्थीका दरले जम्मा ८० जना विद्यार्थीहरु छनोट गरिएको पाइन्छ । क्षेत्रीय अध्ययन विधि र तुलनात्मक एवम् विश्लेषणात्मक विधिको उपयोग गरी तयार गरिएको उक्त शोधको निष्कर्षमा भाषिक पृष्ठ भूमिका दृष्टिले हेर्दा नेपाली मातृभाषी विद्यार्थीको निबन्ध लेखन क्षमता सामान्य र विमातृ भाषी विद्यार्थीको उत्तम रहेको देखाइएको छ । लैङ्गिकताका हिसाबले छात्रहरुको कमजोर र छात्राहरुको उत्तम रहेको देखाइनुका साथै ग्रामीण परिवेशका विद्यार्थीहरुमा भन्दा सहरी परिवेशका विद्यार्थीको निबन्ध लेखन क्षमता उत्तम रहेको देखाइएको छ ।

गौतम (२०६७) द्वारा *कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरुको सारांश लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधको उद्देश्य कक्षा बाह्रमा अङ्ग्रेजी र नेपाली माध्यमबाट पढाइ हुने उत्तम माध्यमिक विद्यार्थीहरुको लैङ्गिकताका आधारमा छात्र र छात्राहरुको सारांश लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु र आवश्यक सुझाब प्रदान गर्नु रहेको पाइन्छ । नमुना सर्वेक्षण विधिबाट काठमाडौँ जिल्लाका २ वटा अङ्ग्रेजी माध्यमका र २ वटा नेपाली माध्यमबाट पढाइ हुने कक्षा १२ का १५/१५ जना छात्र र छात्रा छनोट गरी क्षेत्रीय अध्ययन विधि र तुलनात्मक विधिको उपयोग गरेर अध्ययन विश्लेषण गरेको पाइन्छ । निष्कर्षमा नेपाली माध्यमबाट पढाइ हुने कक्षा १२ का विद्यार्थीहरुको सारांश लेखन क्षमता राम्रो रहेको देखाइएको र लैङ्गिकताका दृष्टिले छात्राहरु भन्दा छात्रहरुको लेखन क्षमता राम्रो रहेको देखाइएको छ ।

थापा (२०६९) द्वारा *सुर्खेत जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त कक्षामा अध्ययनरत निजी र सरकारी विद्यालयका छात्र र छात्राको अनुच्छेद लेखन क्षमता पहिचान गर्नु, पहिलो भाषी विद्यार्थी र दोस्रो भाषी विद्यार्थीहरुको लेखन क्षमताको तुलना गर्नु जस्ता उद्देश्य रहेका पाइन्छन् । नमुना सर्वेक्षण विधिबाट सुर्खेत जिल्लाका लाटी कोइली र जर्बुटा गरी दुई वटा गा.वि.स. र एक नगर पालिकामा कक्षा आठमा अध्ययनरत भिन्न भिन्न पृष्ठ भूमि भएका छात्र र छात्रा दुबै समूहका गरी जम्मा ६० जना विद्यार्थीहरु छनोट गरी क्षेत्रीय

र तुलनात्मक विधिबाट अध्ययन विश्लेषण गरिएको उक्त शोधको निष्कर्षका रूपमा सरकारी विद्यालयका विद्यार्थीको तुलनामा निजी विद्यालयका विद्यार्थीको अनुच्छेद लेखन क्षमता कमजोर रहेको देखाइएको छ ।

सुवेदी (२०७०) द्वारा *कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको सारांश लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोधकार्य विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा विद्यार्थीहरुको सारांश लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु मुख्य उद्देश्य राखेर अछाम जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको सारांश लेखन क्षमतामा सीमित गरिएको पाइन्छ । प्रस्तुत शोधकार्यमा प्रतिनिधि नमुनाका रूपमा अछाम जिल्लाका अङ्ग्रेजी माध्यमबाट पढाइ हुने कक्षा १० का ५० र नेपाली माध्यमबाट पढाइ हुने कक्षा १० का ५० गरी जम्मा १०० जना विद्यार्थीहरुलाई लिइएको छ । सामग्रीको रूपमा कक्षा दशको नेपाली किताबको गद्य विधाबाट अनुच्छेद लिइएको पाइन्छ । क्षेत्रीय अध्ययन विधि र तुलनात्मक विधिको उपयोग गरेर अध्ययन विश्लेषण गरेको पाइन्छ । प्रस्तुत शोधपत्रको निष्कर्ष कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको सारांश लेखन क्षमता शीर्षक चयन, क्रमवद्धता, भाषिक शुद्धता, मूलभाव व्यक्त गर्ने सिपका आधारमा मध्यम स्तरको र मौलिकता तथा शब्द सङ्ख्याका आधारमा निम्न स्तरको रहेको देखाइएको छ ।

कार्की (२०७१) द्वारा *सर्लाही जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीको वाद विवाद लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोधको उद्देश्य कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको वाद विवाद लेखन अभिव्यक्ति क्षमता तथा लैङ्गिक, भाषिक तथा विद्यालय प्रकृतिका आधारमा वाद विवाद लेखन क्षमता पत्ता लगाउनु रहेको पाइन्छ । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी तयार गरिएको शोधमा प्राथमिक स्रोततर्फ सर्लाही जिल्लाका कक्षा आठमा अध्ययनरत सामुदायिक र संस्थागत गरी ६ वटा विद्यालयका ६० जना विद्यार्थीहरुलाई लिइएको छ र द्वितीयक स्रोतका रूपमा विभिन्न पुस्तक र पत्रपत्रिका र शोधपत्रको अध्ययन गरिएको पाइन्छ । यस अध्ययनले वाद विवाद लेखनमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरु संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीको तुलनामा कमजोर रहेको, छात्र र छात्राको तुलना गर्दा सामुदायिक विद्यालयको छात्राको तुलनामा संस्थागत विद्यालयका छात्राहरु कमजोर र सामुदायिक

विद्यालयका छात्रको तुलनामा संस्थागत विद्यालयका छात्रहरुको वाद विवाद लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको पाइन्छ ।

भण्डारी (२०७१) द्वारा *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोधको उद्देश्य समग्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको विश्लेषण गर्नु र विद्यालय प्रकृतिका आधारमा नेपाली भाषी र दोस्रो भाषी विद्यार्थीको निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेको पाइन्छ । उक्त शोधमा सर्वेक्षण विधिबाट गोरखा नगर पालिका र उक्त आसपासका गाविसका सामुदायिक र संस्थागत विद्यालयबाट ४०/४० जना विद्यार्थी गरी ८० जना विद्यार्थीलाई नमुना प्रतिनिधिका रूपमा लिइएको पाइन्छ । उक्त शोधमा सामुदायिक विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीको निबन्ध लेखन क्षमता बढी रहेको, भाषिक पृष्ठभूमिका आधारमा हेर्दा नेपाली भाषीभन्दा दोस्रो भाषी विद्यार्थीहरुको निबन्ध लेखन क्षमता उत्तम रहेको र छात्रहरुको तुलनामा छात्राहरुको निबन्ध लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको पाइन्छ ।

अधिकारी (२०७२) द्वारा *इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ । उक्त शोधको उद्देश्य इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन गर्नु र लैङ्गिक, भाषिक तथा विद्यालय प्रकृतिका आधारमा चिठी लेखन क्षमता पहिल्याउनु रहेको पाइन्छ । नमुना छनोट सर्वेक्षण विधिबाट सामुदायिक ५ र संस्थागत ५ गरी प्रत्येक विद्यालयबाट ४०/४० जना गरी जम्मा ८० जना विद्यार्थीहरु छनोट गरिएको पाइन्छ अनि क्षेत्रीय र तुलनात्मक अध्ययन विधिबाट आवश्यक व्याख्या विश्लेषण गरी निष्कर्षमा पुगिएको पाइन्छ । जसको निष्कर्षमा सामुदायिक विद्यालयका विद्यार्थीहरुको लेखन क्षमता बढी, भाषाका आधारमा नेपाली इतर मातृभाषी विद्यार्थीभन्दा नेपाली मातृभाषी विद्यार्थीको लेखन क्षमता बढी रहेको निष्कर्ष निकालिएको देखिन्छ ।

भण्डारी (२०७२) द्वारा *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन* शीर्षकमा शोध अनुसन्धान गरिएको पाइन्छ । उक्त अध्ययनको उद्देश्य विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु र लैङ्गिक, भाषिक तथा विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता पहिल्याउनु रहेको पाइन्छ । उक्त

शोधकार्यको लागि सर्वेक्षण विधि अपनाईएको पाइन्छ । उक्त अध्ययनको लागि बझाङ जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयबाट ४०/४० जना गरी जम्मा ८० सङ्ख्यामा प्रतिनिधि जनसङ्ख्याको रूपमा चयन गरिएको पाइन्छ । प्रस्तुत शोधकार्य क्षेत्रीय सामग्री सङ्कलन विधि र तथ्याङ्क सङ्कलन विधिमा आधारित रहेको पाइन्छ । यसमा सामुदायिक विद्यालयका विद्यार्थीको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीका अनुच्छेद लेखन क्षमता राम्रो रहेको अनि । छात्राहरुको तुलनामा छात्रहरुको अनुच्छेद लेखन क्षमता राम्रो रहेको र समग्र विद्यार्थीको अनुच्छेद लेखन क्षमता सन्तोषजनक नै रहेको निष्कर्ष निकालिएको पाइन्छ ।

खनाल (२०७३) द्वारा *दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोधकार्यका उद्देश्यहरु कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमता पहिचान गर्नु, लैङ्गिकता, भाषिक पृष्ठभूमि र विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेको पाइन्छ । नमुना छनोट सर्वेक्षण विधिबाट एक शैक्षिक सत्रका सामुदायिक ५ र संस्थागत विद्यालय ५ गरी १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीलाई नमुनाको रूपमा छनोट गरिएको पाइन्छ र क्षेत्रीय एवम् तुलनात्मक विधि द्वारा अध्ययन कार्य सम्पन्न गरिएको पाइन्छ । निष्कर्षमा समग्रताका दृष्टिकोणले दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीको निबन्ध लेखन क्षमता राम्रो रहेको, तुलनात्मक रूपमा सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमता उत्तम रहेको र छात्राको भन्दा छात्रको राम्रो रहेको निष्कर्ष निकालिएको पाइन्छ ।

ढकाल (२०७३) द्वारा *सुर्खेत जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको दैनिकी लेखन क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको पाइन्छ । उक्त शोधको उद्देश्य कक्षा दशका विद्यार्थीहरुको दैनिकी लेखन क्षमताको पहिचान गर्नु, लैङ्गिक आधारमा विद्यार्थीहरुको दैनिकी लेखन क्षमताको तुलना गर्नु तथा सरकारी र निजी विद्यालयका विद्यार्थीहरुको दैनिकी लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु रहेको पाइन्छ । नमुना सर्वेक्षण विधिबाट संस्थागत ५ र सामुदायिक ५ गरी प्रत्येक ५/५ वटा विद्यालयका १०/१० जना विद्यार्थी गरी जम्मा १०० जना विद्यार्थी छनोटमा रहेको पाइन्छ । क्षेत्रीय र तुलनातमक विधि द्वारा अध्ययन विश्लेषणमा केन्द्रित उक्त शोधकार्यको निष्कर्षका रूपमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको दैनिकी लेखन

क्षमताको तुलनात्मक अध्ययन गर्दा सामुदायिकभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको दैनिकी लेखन क्षमता उत्तम रहेको अनि लैङ्गिकताका आधारमा छात्राहरुको तुलनामा छात्रहरुको दैनिकी लेखन क्षमता राम्रो रहेको देखाइएको छ ।

उक्त शोधकार्यहरुले प्रस्तुत शोधकार्यलाई प्रशस्त मार्ग दर्शन प्रदान गरेका छन् । उक्त शोध कार्यहरुको विषय वस्तु प्रस्तुत शोधकार्यभन्दा भिन्न रहे पनि तिनीहरुले निश्चित आधार प्रदान गरेका छन् । हालसम्म गोरखा जिल्लालाई केन्द्रविन्दु बनाएर कुनै पनि अध्ययन अनुसन्धान नभएको हुँदा प्रस्तुत अनुसन्धान उक्त शोधभन्दा छुट्टै विशेषताले युक्त हुने कुरामा विश्वास गर्न सकिन्छ ।

## २.२ सैद्धान्तिक अवधारणा

कुनै पनि व्यक्तिको आफ्ना विचार एवम् भावनालाई व्यक्त गर्ने एउटा प्रमुख माध्यम लेखाइ हो । लेखाइका माध्यमबाट विचार व्यक्त गर्दा त्यसलाई कुनै निश्चित तत्वले छेक्न सक्दैन । यसको क्षेत्र विस्तृत हुने गर्दछ । शब्द भण्डारको छनोट गर्ने र स्तरीय वाक्य रचना गर्ने क्षमताको विकास गर्न लेखन कलाले ठुलो सहयोग गर्दछ (लामिछाने, २०६९ : १०४) । व्यक्तिको लेखनलाई विकसित गर्दै लैजान लेखन अभ्यासले ठुलो भूमिका खेलेको हुन्छ । त्यसकारण तल्ला तहदेखि नै हस्त लेखन, अनुलेखन, घटना लेखन, निबन्ध लेखन, संवाद लेखन, प्रश्नोत्तर, श्रुति लेखन, निवेदन लेखन र दैनिकी लेखन जस्ता विभिन्न लेखन कलासँग सम्बन्धित क्रियाकलापहरु गराएर विद्यार्थीहरुमा लेखन कला क्षमताको विकास गराउँदै लैजान सकिन्छ । क्रमशः माथिल्लो तहमा जाँदा दैनिकी लेखन, बुँदा टिपोट भाव विस्तार, संक्षेपीकरण, अनुच्छेद लेखन, प्रबन्ध लेखन, निबन्ध लेखन जस्ता क्रियाकलाप गराएर लेखन क्षमताको विकास गराउन सकिन्छ ।

लेखाइ सिपका प्रयोगपरक सन्दर्भहरु मूलतः प्राविधिक पक्षहरुमा केन्द्रित हुन्छन् । त्यसैले हस्त लेखन, अनुलेखन, सफाइ, श्रुति लेखन र वर्ण विन्यासका सन्दर्भहरु लिखित अभिव्यक्तिका प्रयोगपरक सन्दर्भ हुन सक्छन् । उक्त सन्दर्भहरुभित्र लेख्य सामग्री समात्ने ढङ्ग, सामग्री र आँखाको दुरी, लेखन गति एवम् द्रुतता लेखनका विविध प्रविधि (संवाद, कविता, प्रश्नोत्तर) अन्तराल (अक्षर, शब्द, वाक्य, पङ्क्ति, अनुच्छेद, विराम चिह्न, शीर्षक, उपशीर्षक, सङ्केतक आदि), अक्षराकार, अक्षर बान्की, कागतको किनारा छोडाइ (शिर, पुछार, दायाँ, बायाँ, अनुच्छेदका सुरु र पुछार), मसी प्रयोग, सौन्दर्य प्रविधि र आकर्षण

परिक्षणीय हुन्छन् (पौडेल, २०७० : ५९) । कुनै पनि लेख्य सामग्रीमा यस्ता कुराहरुको ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ ।

लेखाइ सिपको विकास गर्ने विभिन्न क्रियाकलापमध्येकै दैनिकी लेखन पनि एक महत्त्वपूर्ण क्रियाकलाप हो । यसमा स्वतन्त्र एवम् सिर्जनात्मक र मौलिक एवम् नितान्त वैयक्तिक निर्देशित तहमा उनीहरुका अनुभवसँग सम्बन्धित शीर्षक दिएर दैनिकी लेखन गराउनु पर्ने हुन्छ । लेखाइ सिपको विकासमा दैनिकी लेखनमा व्यक्ति जति सक्षम हुँदै जान्छ उसमा त्यति नै प्रौढता आउँछ । यी विभिन्न कारणहरुबाट के कुरा स्पष्ट हुन्छ भने लेखाइ सिपमा दक्ष बनाउन दैनिकी लेखन एक उत्कृष्ट कार्यकलाप हो । दैनिकी लेखनमा तिथिमिति, विषय वस्तुको क्रमबद्धता, सरलता, विषय वस्तु, वैयक्तिकता, निजात्मकता र भाषिक शुद्धता, स्वतन्त्रता र सिर्जनात्मकता जस्ता सम्पूर्ण कुराहरु समावेश गर्नु पर्दछ । त्यसैले विद्यार्थीमा लेखाइ सम्बन्धी धारणात्मक प्रयोगात्मक, संज्ञानात्मक सिप विकास गराउन दैनिकी लेखन प्रक्रियाले पृष्ठ पोषण प्रदान गर्दछ । यसरी लेखाइ सिपको विकासमा दैनिकी लेखन क्षमताको स्थान र भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ ।

### २.२.१ लेखाइ सिपको विकासमा दैनिकीका पक्षहरु

लेखाइ सिपको विकासमा दैनिकी लेखनले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । लेखाइ सिपको विकासमा निबन्ध लेखन, श्रुति लेखन, साफी लेखन, अनुच्छेद लेखन, सारांश लेखन जस्ता विभिन्न पक्षले ठुलो महत्त्व राखेको पाइन्छ । त्यसैमा आधारित भई लेखाइ सिपको विकासाम दैनिकीको पनि आफ्नो छुट्टै विशेषताहरु रहेका पाइन्छन्, जसलाई निम्नानुसार शीर्षकीकरण गरेर देखाउन सकिन्छ :

#### (क) निजात्मकता

निजात्मकता र आत्मपरकता भनेको एउटै मानिन्छ । यसमा विषय वस्तु गौण रूपमा आएर लेखकको व्यक्तित्व बढी प्रस्तुत गरिएको हुन्छ (ओझा, २०७१ : १०) । त्यसैले यसमा लेखकको आत्म प्रकाशन राम्रोसँग भएको हुन्छ ।

#### (ख) वैयक्तिकता

कुनै पनि विषयका बारेमा लेखकका आत्मगत भाव, कल्पना सोचाइ आदिलाई प्रथम पुरुष शैलीका माध्यमबाट प्रस्तुत गरिएको हुन्छ (ओझा, २०७१ : ९) । त्यसैले यसमा

लेखकले आफ्ना आत्मरागमा मुछेर, सुख, दुःख हाँसो, आँसु, हर्ष, विस्मात् र भाव अभावहरु व्यक्त गर्नु नै वैयक्तिकता हो ।

(ग) **सरलता**

भाषिक सिपको विकासमा लेखाइमा सरलताको भूमिका महत्त्वपूर्ण हुन्छ । लेखाइमा सबैले बुझ्न सक्ने सरल खालको भाषाको प्रयोग गरिनु पर्दछ । यसमा सरल, सरस भाषाशैलीको प्रयोग भएको हुनुपर्छ तबमात्र लेखाइमा विकास हुन सक्दछ ।

(घ) **क्रमबद्धता**

लेखाइ सिपको विकासमा क्रमबद्धता अर्को महत्त्वपूर्ण पक्ष हो । कुनै पनि लेख्य सामग्री प्रकाशन हुनुपूर्व नै लेखकले सरलदेखि जटिलको क्रममा क्रमैसँग वाक्य गठन गर्नु पर्दछ । यसो गर्दा लेखिएका सामग्रीलाई सबैले सहजै बुझ्न सक्दछन् साथै लेखाइ सिपको विकास हुन्छ । वाक्यहरु एकपछि अर्को क्रमिक रूपमा सिलसिलामा लेखिने हुनाले क्रमबद्धता अर्को महत्त्वपूर्ण पक्ष हो ।

### २.२.२ लेखाइ सिपको विकासमा दैनिकी लेखनको रूपरेखा

कुनै पनि कार्यको सुरुवात गर्नुपूर्व गरिने तयारी वा पूर्व निर्धारित खाका तयार गर्नु नै त्यस कार्यको रूपरेखा हो । कुनै पनि अध्ययन अनुसन्धान गर्नुभन्दा पहिला त्यसको खाका तयार गर्नु पर्दछ, जसले अध्ययन कार्य गर्दा सफलतामा पुग्नका लागि सैद्धान्तिक आधार प्रदान गर्नुका साथै कार्य सफल र प्रभावकारी हुने गर्दछ । तयारीविना गरिएको कार्यमा पूर्ण रूपमा सफलता मिल्दैन । त्यसैले लेखाइ सिपको विकासका निम्ति दैनिकी लेखनको रूपरेखालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(क) **विषय शीर्षकको छनोट**

लेखाइ सिप विकासमा दैनिकी लेखनले कुन कुन कुरालाई कहाँ कसरी प्रयोग गर्ने भन्ने कुराको ज्ञान गराउँछ । सर्वप्रथम कुन विषयमा लेख्ने हो विषय प्रस्ट हुनु पर्छ । शीर्षक लेख्ने व्यक्तिलाई रुचि भएको शीर्षक छनोट गर्नु पर्दछ । यसरी छनोट गरिएको शीर्षक रुचिपूर्ण हुने हुँदा ज्ञानको विकास हुन्छ ।

(ख) **तिथि, मिति र स्थान**

दैनिक लेख्दा सर्वप्रथम तिथि, मिति र स्थान कापीको वा कागजको कुन स्थानमा र कसरी राख्नुपर्छ भन्ने कुराको ज्ञान हुँदा यसले पनि लेखाइ सिपको विकासमा टेवा पुऱ्याउँछ ।

(ग) **बुँदा टिपोट र क्रम निर्धारण**

कुनै पनि लेख्य सामग्री लेख्दा विषयसँग सम्बन्धित महत्त्वपूर्ण कुराहरु नछुटुन्, नदोहोरिउन् र अघिपछि नपरुन् भन्नाका लागि उपयुक्त हुने सम्पूर्ण बुँदाहरु टिप्नु पर्दछ । दैनिकी लेख्दा दिनका मुख्य कुरा तथा घटनाहरुलाई सिलसिला मिलाएर वर्णन गरेर लेख्नु पर्छ । दैनिकीमा व्यक्तिले एक दिनमा गरेका काम कुराको वर्णन आफैले गर्ने भएकाले 'म' का रूपमा प्रस्तुत गर्दछ । यसरी बुँदा टिपोटले दैनिकी लेखनका साथै अन्य लेखाइ सिपमा पनि सहयोग गर्न सक्छ ।

(घ) **भाषा र शैली शिल्प**

दैनिकी सरल र आकर्षक भाषामा लेख्नु पर्छ । दैनिकी लेख्दा सम्बन्धित ठाउँ, मिति र समय उल्लेख गरी तोकिएको विषय वस्तु सुहाउँदा घटना र अनुभवहरुलाई क्रमबद्ध रूपमा सिलसिला मिलाएर लेखिन्छ ।

### २.२.३ निष्कर्ष

मानवीय जीवनका विभिन्न कुराहरु एक अर्कोप्रति आदान प्रदान गर्ने तथा विचारहरु विनियमका माध्यमहरुमा वितरण गर्ने भाषाका चार सिपहरुमध्ये लेखाइलाई पनि एक महत्त्वपूर्ण सिप अन्तर्गत राखिन्छ । हरेक विचार विमर्शहरु विनियम गर्ने अभिव्यक्तिको माध्यम लेखाइ सिप हो । यही लेखाइ सिपका माध्यमबाट नै प्रत्येक व्यक्तिले आफ्नो विचार एवम् अनुभवहरु अरू समक्ष पुऱ्याउने काम गर्छन् । बोलाइबाट पुरा नहुने हरेक विचारहरु लेखनबाट पुरा हुने भएकाले पनि यसको महत्त्व वर्तमान २१ औं शताब्दीको युगमा झन्झन् बढ्दै गएको छ ।

कुनै कुरालाई स्थायी, जीवित र दीर्घकालीन रूप दिन लेखाइ सिपको धेरै ठुलो भूमिका हुन्छ । मानिसको मनमा गुम्सिएका कुरा व्यक्त गर्ने महत्त्वपूर्ण माध्यम लेखाइ सिप नै हो । वास्तवमा लेखाइको कुनै समय सीमा निर्धारण गरिएको हुँदैन । लेखाइ सिप अनुभव, भावना र ज्ञानको अभिव्यक्ति गर्ने माध्यम मात्र नभई ती अनुभव भावना र ज्ञानको प्रचार

प्रसार एवम् संभार गर्ने माध्यम पनि हो । लेखाइ सिपसँग सम्बन्धित धेरै विधाहरु जीवनी, टिप्पणी, सारांश, प्रतिवेदन लेखन जस्तै दैनिकी लेखन पनि पर्दछ । लेखाइ सिप विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने एउटा महत्त्वपूर्ण आधार स्तमभको रूपमा दैनिकीलाई लिने गरिएको छ ।

व्यावहारिक क्रियाकलापदेखि घरायसी व्यवहारका लागि पनि लेखाइको आवश्यकता पर्दछ । दैनिकी लेखनमा वर्ण विन्यास, व्याकरण, शब्द भण्डार, चिह्न प्रयोग, वाक्य गठन, विषय वस्तुको आदि, मध्य र अन्त्यको प्रस्तुतीकरण जस्ता लेखाइ सम्बन्धी धारणात्मक, प्रयोगात्मक र संज्ञानात्मक सिप विकास गराउन दैनिकी लेखनले पृष्ठ पोषण प्रदान गर्ने विश्वास गर्न सकिन्छ ।

यसरी परम्परागत प्रचलनदेखि लेखाइ सिपको प्रचलन चलि आएको वर्तमान पविरेशसम्म पनि यसले आफ्नै क्षेत्र ओगट्न सफल भएको छ जसमा यही लेखाइ सिपसँगै सम्बन्धित रहेको दैनिकी विधाले पनि लेखाइ सिपको विकासमा आफ्नो स्थान र भूमिमा अग्रस्थानमा राख्न सफल भएको देखिन्छ ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

कुनै पनि अनुसन्धान कार्यलाई प्रभावकारी र उपलब्धिमूलक बनाउनका लागि निश्चित विधि, तरिका वा प्रक्रियाको अवलम्बन गर्नु पर्ने हुन्छ । अनुसन्धान वस्तुपरक औपचारिक र व्यवस्थित कार्य हो । यो धेरै जटिल हुन्छ । अनुसन्धान कार्य कसरी थालनी भयो ? सुरुदेखि अन्त्यसम्म के कस्ता प्रक्रियाको अवलम्बन गरियो ? ती सबै कुराहरु विधिको रूपमा समावेश गरिएको हुन्छ । यस अध्ययनका लागि निम्नलिखित विधि र प्रक्रियाहरु अवलम्बन गरिएको छ :

## ३.१ जनसङ्ख्याको पहिचान

अनुसन्धानमा अनुसन्धानकर्ताले लक्षित गरेको समूह नै जनसङ्ख्या हो । यस अध्ययनका लागि शैक्षिक सत्र २०७४ मा गोरखा जिल्लाका कक्षा दशमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

## ३.२ नमुना छनोट

प्रस्तुत शोधमा निर्धारित १० वटा विद्यालयबाट १०/१० जनाका दरले ५० जना छात्रा र ५० जना छात्र गरी जम्मा १०० जना विद्यार्थीहरुलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । यादृच्छिक नमुना छनोटबाट गरिएको छ जसमा २५ वटा कार्डमा १, २, ३, ४, ५ गरी सङ्ख्या लेखिन्छ र बाकसमा राखेर बाकसबाट कुनै ४ वटा कार्ड मात्र कुनै एक व्यक्तिलाई झिक्न लगाइन्छ । चार वटा कार्डमा जुन जुन नम्बर लेखिएका हुन्छन् त्यसैको आधारमा नमुना छनोट गरिएको छ ।

## ३.३ सामग्री सङ्कलनका स्रोतहरु

अनुसन्धान कार्यमा नमुना छनोट गरि सकेपछि तथ्याङ्क सङ्कलनका लागि अध्ययन कार्यमा आवश्यकता अनुसार प्राथमिक स्रोत र द्वितीयक स्रोतका आधारमा सामग्री सङ्कलन गरिएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

अध्ययन स्थलमा गएर नमुना छनोटमा परेका १० वटा विद्यालयका १०/१० जना विद्यार्थीहरु मध्ये ५ जना छात्र र ५ जना छात्राहरुलाई पूर्वकार्यबाट उत्कृष्ट भएका दुई वटा शीर्षकहरुमा दैनिकी लेख्न लगाइएको छ । तिनै लेखहरुलाई आधार मानेर प्राथमिक स्रोतका रूपमा सामग्री निर्माण गरिएको छ ।

### ३.३.२ द्वितीयक स्रोत

द्वितीयक स्रोतका रूपमा पुस्तकालयीय अध्ययन विधिका आधारमा विभिन्न पत्र पत्रिका, शोधपत्र, पुस्तकहरु आदिको अध्ययन गरी सामग्री छुट्ट्याएको छ । यसका साथै अध्ययन कार्यलाई परिणाममुखी र उपयोगी बनाउनको लागि सम्बन्धित शोध निर्देशकको सल्लाह, सुझाब र मार्ग दर्शनलाई आत्मसात् गरी द्वितीयक स्रोतका सामग्रीहरु सङ्कलन गरिएको छ ।

## ३.४ सामग्री निर्माण

सम्बन्धित विद्यार्थीहरुलाई विभिन्न दैनिकी सम्बन्धी शीर्षकहरु दिइएको छ जसमा 'सरस्वती पुजा', 'अभिभावक दिवस', 'सांस्कृतिक कार्यक्रम', 'खेलकुद प्रतियोगिता' सम्बन्धी चार वटा शीर्षक दिएको छ र त्यसमा विद्यार्थीले लेखेका दैनिकीको पूर्व परीक्षण गरिएको छ । त्यसमा कुन कुन शीर्षकमा विद्यार्थीको दैनिकी लेखन क्षमता उत्कृष्ट रहेका छन् तीमध्ये दुई वटा शीर्षक छनोट गरेर दैनिकी लेख्न लगाइएको छ । यसरी सामग्री निर्माण गरिएको छ ।

## ३.५ तथ्याङ्कको व्याख्या र विश्लेषण

प्रस्तुत अनुसन्धानका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा दैनिकी लेखिएको उत्तर पुस्तिकाहरुमा अङ्क दिइएको छ । प्रस्तुत उत्तर पुस्तिकाबाट आएको प्राप्ताङ्कलाई विद्यालयको प्रकृतिका आधारमा पाँच/पाँच जना छात्र छात्राको तुलना र समग्र विद्यार्थीहरुको दैनिकी लेखन क्षमताको आधारमा प्रस्तुत समूहहरुलाई छुट्टाछुट्टै तालिका बद्ध गरिएको छ । तथ्य विश्लेषण  गर्ने क्रममा सम्पूर्ण विद्यार्थीहरुको मध्यमान, मानक विचलन तथा प्रतिशताङ्क श्रेणी निर्धारणका आधारमा दैनिकी लेखन क्षमताको

पहिचान गरिएको छ । तथ्याङ्क व्याख्या र विश्लेषणका क्रममा निम्नानुसार अङ्कन प्रक्रिया अपनाइएको छ :

१. ०-३० : निम्नतम्
२. ३१-४४ : निम्न
३. ४५-५९ : मध्यम
४. ६०-७४ : उत्तम
५. ७५ भन्दा माथि : अति उत्तम

## ३.६ दैनिकी लेखनका मूल्याङ्कनका आधारहरु

दैनिकी लेखन परिक्षणीय आधारहरु भन्नाले दैनिकी लेख्दा ध्यान दिनु पर्ने पक्षहरु र यसमा नभई नहुने कुराहरु विषय वस्तु, क्रम बद्धता, वाक्य गठन र शब्द चयन, मौलिकता, शैली वा प्रस्तुतीकरण, वर्ण विन्यास जस्ता कुराहरु रहन्छन् । प्रस्तुत शोधमा यिनै कुरालाई आधार मानी दैनिकी लेखनलाई दश अङ्क छुट्याइएको छ । यस अङ्कलाई विभिन्न आधार मानी पूर्णाङ्क निर्धारण गर्ने व्यवस्था गरिएको छ । उल्लेखित कुराहरुको अङ्कन प्रक्रिया निम्नानुसार गरिएको छ :

| क.सं. | शीर्षक | अङ्क |
|---|---|---|
| १ | विषय वस्तु | २.५ |
| २ | क्रम बद्धता | २ |
| ३ | वाक्य गठन र शब्द चयन | १.५ |
| ४ | मौलिकता | १.५ |
| ५ | शैली वा प्रस्तुतीकरण | १.५ |
| ६ | वर्ण विन्यास | १ |

दैनिकी लेखनलाई माथिको आधारमा उत्तर पुस्तिका  परीक्षण गरिएको छ । जसमा तथ्याङ्कको व्याख्या विश्लेषण अनुसार ०-३० निम्नतम् अङ्क ल्याउने र ७५ भन्दा माथि अति उत्तम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या नरहेको र निम्न, मध्यम र उत्तम अङ्क ल्याउने विद्यार्थीहरु मात्र रहेको पाइयो । उक्त विद्यार्थीहरुको प्राप्ताङ्कलाई अध्याय चारमा तालिकाबद्ध गरेर प्रस्तुत गरिएको छ ।

# अध्याय चार

## समग्र विद्यार्थीको दैनिकी लेखन क्षमताको अध्ययन

गोरखा जिल्लाका गोरखा नगर पालिकाभित्रका सामुदायिक र संस्थागत विद्यालय गरी जम्मा १०० जना विद्यार्थीबाट प्राप्त प्राप्ताङ्कलाई समग्र विद्यार्थीको दैनिकी लेखन क्षमताको स्थिति, विद्यालयको प्रकृति, लैङ्गिकताका आधारमा विषय वस्तु, क्रम बद्धता, वाक्य गठन र शब्द चयन, मौलिकता, शैली वा प्रस्तुतीकरण र वर्ण विन्यासलाई आधार मानी विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा समग्र विद्यार्थीको दैनिकी लेखन क्षमताको स्थिति सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको र छात्र र छात्राको दैनिकी लेखन क्षमताको स्थिति अध्ययन गरी विश्लेषण गरिएको छ ।

## ४.१ समग्र विद्यार्थीको दैनिकी लेखन क्षमता

प्रस्तुत शोधकार्य गोरखा जिल्लाका गोरखा नगर पालिका भित्रका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको दैनिकी लेखन क्षमता अध्ययन गर्ने उद्देश्यले गरिएको हो । अध्ययनका लागि गोरखा नगर पालिकाका पाँच वटा सामुदायिक र पाँच वटा संस्थागत गरी जम्मा दश वटा विद्यालयहरुमा १०/१० जनाका दरले जम्मा १०० जना विद्यार्थीहरुलाई १० पूर्णाङ्कको परीक्षा लिई आवश्यक तथ्य सङ्कलन गरिएको छ । उक्त तथ्याङ्कबाट प्राप्त नतिजाका आधारमा विद्यार्थीहरुले प्राप्त गरेका प्राप्ताङ्कलाई निम्न लिखित तालिकामा छुट्टा छुट्टै प्रस्तुत गरेर व्याख्या विश्लेषण गरिएको छ :

### ४.१.१ समग्र विद्यार्थीहरुो दैनिकी लेखन क्षमताको स्थिति

**तालिका नं. १**

**समग्र विद्यार्थीहरुको दैनिकी लेखन क्षमताको स्थिति**


| जम्मा विद्यार्थी सङ्ख्या | ०-३० अङ्क ल्याउने | | ३१-४४ अङ्क ल्याउने | | ४५-५९ अङ्क ल्याउने | | ६०-७४ अङ्क ल्याउने | | ७५ भन्दा माथि अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | निम्नतम | प्रतिशत | निम्न | प्रतिशत | मध्यम | प्रतिशत | उत्तम | प्रतिशत | अति उत्तम | प्रतिशत |
| १०० | ० | ० | २७ | २७ | ४४ | ४४ | २९ | २९ | ० | ० |

माथिको तालिका अनुसार समग्र विद्यार्थीहरुको दैनिकी लेखन क्षमताको स्थितिलाई हेर्दा निम्नतम् अङ्क ल्याउने विद्यार्थी सङ्ख्या (०) शून्य रहेको, निम्न अङ्क ल्याउने

विद्यार्थी सङ्ख्या २७ जना, मध्यम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४४ जना, उत्तम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २९ जना र अति उत्तम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या (०) शून्य रहेको पाइन्छ । यसरी हेर्दा समग्र विद्यार्थीहरुको दैनिकी लेखन क्षमतालाई हेर्दा मध्यम खालको रहेको पाइन्छ ।


**चित्र नं. ४.१**

**समग्र विद्यार्थीहरुको दैनिक लेखन क्षमताको स्थिति**




**चित्र नं. ४.२**

**समग्र विद्यार्थीहरुको दैनिक लेखन क्षमताको स्थिति**



माथिको चित्र अनुसार ३१-४४ प्रतिशतसम्म अङ्क ल्याउने २७ जना, ४५-५९ प्रतिशतसम्म अङ्क ल्याउने ४४ जना र ६०-७४ प्रतिशतसम्म अङ्क ल्याउने २९ जना विद्यार्थीहरु रहेको पाइयो ।

### ४.१.२ विषय वस्तुका आधारमा

**तालिका नं. २**

**समग्र विद्यार्थीहरुको विषय वस्तुका आधामा प्राप्त गरेको समग्र प्राप्ताङ्क**

**पूर्णाङ्क २.५**

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | १३८ | १.३८ | ६४ | ६४ | ३४ | ३४ | २ | २ |

प्रस्तुत तालिका अनुसार जम्मा विद्यार्थी सङ्ख्या १०० जना रहेका छन् भने विषय वस्तुका आधारमा प्राप्त गरेको जम्मा प्राप्ताङ्क १३८ औसत प्राप्ताङ्क १.३८ रहेको पाइन्छ । त्यसै गरी ६४ जनाले प्रश्न अनुसार विषय वस्तुको उपयुक्त तरिकाले व्यक्त गरेको पाइन्छ भने ३४ प्रतिशत वा ३३ जनाले दैनिकीको विषय वस्तु त्यति राम्रोसँग व्यक्त नगरेको पाइन्छ र २ प्रतिशत अर्थात् २ जना विषय वस्तुभन्दा बाहिर गएको पाइन्छ ।

### ४.१.३ क्रम बद्धताका आधारमा

**तालिका नं. ३**

**समग्र विद्यार्थीहरुले क्रम बद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

पूर्णाङ्कः २

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | १०४ | १.०४ | २२ | २२ | ६२ | ६२ | १६ | १६ |

जम्मा विद्यार्थी सङ्ख्या १०० जनामा जम्मा प्राप्ताङ्क १०४ औसत प्राप्ताङ्क १.०४ रहेको पाइन्छ । प्रस्तुत तालिका अनुसार २२ जना अर्थात् २२ प्रतिशतले दैनिकी लेख्दा आफ्नो लेखन क्षमतामा क्रम बद्धताको राम्रो ख्याल गरेको पाइन्छ भने ६२ जना अर्थात् ६२ प्रतिशले दैनिकी लेखनमा क्रम बद्धता तल माथि गरेको पाइन्छ र १६ जना अर्थात् १६ प्रतिशतले दैनिकी लेख्दाखेरि बेग्लै क्रममा लगेको पाइन्छ । समग्रमा क्रम बद्धताको आधारमा हेर्दा गोरखा जिल्लाका विद्यार्थीहरुको दैनिकी लेखन क्षमता मध्यम खालको रहेको पाइन्छ ।

### ४.१.४ वाक्य गठन र शब्द चयनका आधारमा

**तालिका नं. ४**

**समग्र विद्यार्थीहरुको वाक्य गठन र शब्द चयनका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

पूर्णाङ्क : १.५

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | ८० | ०.८० | ५१ | ५१ | ३३ | ३३ | १६ | १६ |

प्रस्तुत तालिकाको अध्ययन गर्दा गोरखा जिल्लाका कक्षा दशमा अध्ययनत विद्यार्थीहरुले वाक्य गठन र शब्द चयनमा ल्याएको जम्मा प्राप्ताङ्क ०.८० रहेको पाइन्छ । ५१ जनाले अर्थात् ५१ प्रतिशत विद्यार्थीहरुले लेखेको दैनिकीमा वाक्य गठन र शब्द चयन उत्तम रहेको पाइन्छ भने ३३ जना अर्थात् ३३ प्रतिशत विद्यार्थीहरुले लेखेको दैनिकीमा वाक्य गठन र शब्द चयन मध्यम खालको भेटिन्छ र भने १६ जना अर्थात् १६ प्रतिशत विद्यार्थीहरुको दैनिकी लेखनमा शब्दको चयन वाक्य गठन क्षमता निम्न रहेको देखिन्छ ।

### ४.१.५ मौलिकताका आधारमा

**तालिका नं. ५**

**समग्र विद्यार्थीहरुको मौलिकताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

पूर्णाङ्कः १.५

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | ६७ | ०.६७ | ४४ | ४४ | ४१ | ४१ | १५ | १५ |

प्रस्तुत तालिका अनुसार १०० जना विद्यार्थीहरुले मौलिकताको आधारमा प्राप्त गरेको जम्मा प्राप्ताङ्क ६७ रहेको छ र औसत प्राप्ताङ्क ०.६७ रहेको छ । ४४ प्रतिशतले अर्थात् ४४ जनाले दैनिकी लेख्दा आफ्नो मौलिक पक्षको राम्रो विकास गरेर लेखेको पाइन्छ भने ४१ प्रतिशत अर्थात् ४१ जनाले दैनिकी लेखनमा केही नयाँ शब्दहरुको प्रयोग गरेको पाइन्छ । १५ प्रतिशत अर्थात् १५ जनाले मौलिकतालाई त्यति ख्याल नगरेको देखिन्छ । मौलिकताका आधारमा हेर्दा गोरखा जिल्लाका कक्षा १० का विद्यार्थीहरुको दैनिकी लेखन क्षमता मध्यम स्तरको देखिन्छ ।

### ४.१.६ शैली वा प्रस्तुतीकरणका आधारमा

**तालिका नं. ६**

**समग्र विद्यार्थीहरुको शैली वा प्रस्तुतीकरणका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

**पूर्णाङ्क : १.५**

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | ८० | ०.८० | ३९ | ३९ | ४५ | ४५ | १६ | १६ |

प्रस्तुत तालिका अनुसार जम्मा १०० जना विद्यार्थीमध्ये शैली वा प्रस्तुतीकरणमा विद्यार्थीहरुले प्राप्त गरेको जम्मा प्राप्ताङ्क ८० र औसत प्राप्ताङ्क ०.८० रहेको पाइन्छ ।

३९ जना अर्थात् ३९ प्रतिशतले शैली र प्रस्तुतीकरणमा सरल प्रवाहसँग लेखेको पाइन्छ भने ४५ प्रतिशत अर्थात् १६ जनाले शैली र प्रस्तुतीकरणलाई ख्यालै नगरीकन दैनिकी लेखेको पाइन्छ ।

### ४.१.७ वर्ण विन्यासका आधारमा

**तालिका नं. ७**

**समग्र विद्यार्थीहरुले वर्ण विन्यासका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

पूर्णाङ्कः १

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १०० | ५१ | ०.५१ | ५५ | ५५ | २४ | २४ | २१ | २१ |

प्रस्तुत तालिका अनुसार समग्र गोरखा जिल्लाका गोरखा नगरपालिका भित्रका कक्षा १० मा अध्ययनरत १०० जना विद्यार्थीहरुको दैनिकी लेखन क्षमता अध्ययन गर्दा ०-३० निम्नतम अङ्क ल्याउने र अति उत्तम ७५ भन्दा माथि अङ्क ल्याउने पाइदैन । १०० जना विद्यार्थी मध्ये वर्ण विन्यासमा विद्यार्थीहरुले प्राप्त गरेको जम्मा प्राप्ताङ्क ५१ र औसत प्राप्ताङ्क ०.५१ रहेको पाइन्छ । ५५ प्रतिशत अर्थात् ५५ जनाले दैनिकी लेख्दा वर्ण विन्यासगत त्रुटि न्यून रहेको पाइन्छ भने २४ प्रतिशत अर्थात् २४ जनाले लेखेको दैनिकीमा ह्रस्व, दीर्घ, पदयोग, पद वियोग तथा चिह्न प्रयोगमा केही त्रुटिहरु गरेको पाइन्छ । २१ जना अर्थात् २१ प्रतिशतले शीर्षकमा लेखिएका शब्दहरु नै अशुद्ध लेखेको पाइन्छ ।

# अध्याय पाँच

# लैङ्गिकताका आधारमा दैनिकी लेखन क्षमताको अध्ययन

लैङ्गिकताका आधारमा छात्रा र छात्रले लेखेको दैनिकीलाई विषय वस्तु, क्रम बद्धता, वाक्य गठन, शब्द चयन, शैली वा प्रस्तुतीकरण, मौलिकता र वर्ण विन्यासका आधारमा अङ्कन गरी उत्तर पुस्तिका परीक्षण गरिएको छ। प्राप्त तथ्याङ्कलाई निम्नानुसार विश्लेषण गरिएको छ।

## ५.१ छात्रहरुको दैनिकी लेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा लैङ्गिकताका आधारमा गोरखा जिल्लाका गोरखा नगरपालिकाभित्रका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको दैनिकी लेखन क्षमताको अध्ययन गरिएको छ । यस अनुसार गोरखा नगरपालिकाभित्रका पाँच वटा सामुदायिक र पाँच वटा संस्थागत विद्यालयका २५-२५ जना गरी जम्मा ५० जना छात्रहरुको दैनिकी लेखन क्षमतालाई निम्नानुसारका शीर्षकहरुमा आधारित भएर छट्टा छुट्टै तालिकामा व्याख्या र विश्लेषण गरिएको छ।

### ५.१.१ विषय वस्तुका आधारमा

**तालिका नं. ८**

**छात्रहरुले विषय वस्तुका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

**पूर्णाङ्क २.५**

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ५० | ६३ | १.२६ | १६ | ३२ | २१ | ४२ | १२ | ३६ |

माथिको तालिकामा जम्मा विद्यार्थी सङ्ख्या ५० जना, जम्मा प्राप्ताङ्क ६३ र औसत प्राप्ताङ्क १.२६ रहेको पाइन्छ। यस अन्तर्गत १६ जना अर्थात् ३२ प्रतिशत छात्रहरुले

विषय वस्तुको उत्तम प्रयोग गरी दैनिकी लेखेको पाइन्छ भने २१ जना अर्थात् ४२ प्रतिशत छात्रहरुले दैनिकी लेख्दा शीर्षकका आधारमा विषय वस्तु त्यति दिन नसकेको पाइन्छ । १३ जना अर्थात् २६ प्रतिशत छात्रहरुले दैनिकी लेख्दा विषय वस्तुलाई नसमेटीकन लेखेको पाइन्छ ।

### ५.१.२ क्रम बद्धताका आधारमा

**तालिका नं. ९**

**छात्रहरुले क्रम बद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

पूर्णाङ्क २

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ५० | ३८ | ०.७६ | १२ | २४ | ३२ | ६४ | ६ | १२ |

प्रस्तुत तालिका अनुसार जम्मा विद्यार्थी सङ्ख्या ५० जना, जम्मा प्राप्ताङ्क ३८ र औसत प्राप्ताङ्क ०.७६ रहेको पाइन्छ । यस अन्तर्गत १२ जना अर्थात् २४ प्रतिशत छात्रहरुले दैनिकी लेख्दा घटनाको क्रम बद्धतालाई उत्तम तरिकाले ख्याल गरेको पाइन्छ भने ३२ जना अर्थात् ६४ प्रतिशत छात्रहरुले मध्यम खालको र ६ जना अर्थात् १२ प्रतिशत छात्रहरुको दैनिकी लेख्दा क्रम बद्धताको ख्यालै नगरेको पाइन्छ ।

### ५.१.३ वाक्य गठन र शब्द चयनका आधारमा

**तालिका नं. १०**

**छात्रहरुले वाक्य गठन र शब्द चयनका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

**पूर्णाङ्क : १.५**

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ५० | ३५ | ०.७० | २७ | ५४ | ८ | १६ | १५ | ३० |

प्रस्तुत तालिका अनुसार जम्मा विद्यार्थी सङ्ख्या ५०, जम्मा प्राप्ताङ्क ३५ र जम्मा औसत प्राप्ताङ्क ०.७० रहेको पाइन्छ । यस अन्तर्गत २७ जना अर्थात् ५४ प्रतिशत छात्रहरुको विषय वस्तुको आधारमा वाक्य गठन र शब्द चयन गर्ने क्षमता उत्तम रहेको पाइन्छ भने ८ जना अर्थात् १६ प्रतिशत छात्रहरुले दैनिकी लेख्दा वाक्य गठन शब्द चयनमा विषय वस्तुलाई थोरैं मात्र समेटेको पाइन्छ । १५ जना अर्थात् ३० प्रतिशत छात्रहरुले दैनिकी लेख्दा विषय वस्तुलाई नसमेटिने वाक्य चयन गरेर दैनिकी लेखेको पाइन्छ, जसले गर्दा छात्रहरुको दैनिकी लेख्दा शब्द चयन र वाक्य गठन क्षमता कमजोर रहेको पाइन्छ ।

### ५.१.४ मौलिकताका आधारमा

**तालिका नं. ११**

**छात्रहरुले मौलिकताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

**पूर्णाङ्क १.५**

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ५० | ३९ | ०.७८ | २३ | ४६ | ९ | १८ | १८ | ३६ |

प्रस्तुत तालिका अनुसार जम्मा विद्यार्थी सङ्ख्या ५० जना, जम्मा प्राप्ताङ्क ३९ र औसत प्राप्ताङ्क ०.७८ रहेको देखिन्छ । २३ जना अर्थात् ४६ प्रतिशत छात्रहरुले दैनिकी लेख्दा आफ्नो मौलिक पक्षको उपयुक्त प्रयोग गरी दैनिकी लेखेको पाइन्छ भने ९ जना अर्थात् १८ प्रतिशत छात्रहरुको दैनिकी लेखन मध्यम खालको पाइन्छ । त्यसै गरी १८ जना अर्थात् ३६ प्रतिशतले आफ्नो मौलिकतालाई नसमेटी विषय वस्तुलाई अमौलिक आधारमा प्रस्तुत गरेको पाइएको छ ।

### ५.१.५ शैली वा प्रस्तुतीकरणका आधारमा

तालिका नं. १२

छात्रहरुले शैली वा प्रस्तुतीकरणका आधारमा प्राप्त गरेको प्राप्ताङ्क

पूर्णाङ्क १.५

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ५० | ३४ | ०.६८ | २३ | ४६ | ८ | १६ | १९ | ३८ |

प्रस्तुत तालिका अनुसार जम्मा विद्यार्थी सङ्ख्या ५०, जम्मा प्राप्ताङ्क ३४ र औसत प्राप्ताङ्क ०.६८ रहेको पाइन्छ । २३ जना अर्थात् ४६ प्रतिशत छात्रहरुले शैली वा प्रस्तुतीकरण मिलाएर दैनिकी लेखेको पाइन्छ भने ८ जना अर्थात् १६ प्रतिशत छात्रहरुले दैनिकी लेख्दा प्रस्तुतीकरणलाई त्यति ख्याल नगरीकन लेखेको पाइन्छ । १९ जना अर्थात् ३८ प्रतिशतले लेखाइक्रम नै नमिलाई सुरुमा लेख्नु पर्नेलाई बिचमा र बिचमा लेख्नु पर्नेलाई सुरुमा उल्लेख गरेको पाइन्छ । त्यसैले दैनिकी लेखनको प्रस्तुतीकरणमा छात्रहरुको क्षमता कमजोर रहेको देखिन्छ ।

### ५.१.६ वर्ण विन्यासका आधारमा

तालिका नं. १३

छात्रहरुले वर्ण विन्यासका आधारमा प्राप्त गरेको प्राप्ताङ्क

पूर्णाङ्क : १

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ५० | ३४ | ०.६८ | ३१ | ६२ | ९ | १८ | १० | २० |

प्रस्तुत तालिका अनुसार जम्मा विद्यार्थी सङ्ख्या ५०, जम्मा प्राप्ताङ्क ३४ र औसत प्राप्ताङ्क ०.६८ रहेको पाइन्छ । यस अन्तर्गत ३१ जना अर्थात् ६२ प्रतिशत छात्रहरुले लेखेको दैनिकीमा भाषिक शुद्धता उत्तम रहेको छ भने ९ जना अर्थात् १९ प्रतिशतको मध्यम खालको त्रुटि रहेको पाइन्छ । १० जना अर्थात् २० प्रतिशत छात्रहरुले दैनिकी लेखनमा वर्ण विन्यासगत शुद्धतामा ख्यालै नगरीकन लेखेको पाइन्छ ।

## ५.२ छात्राहरुको दैनिकी लेखन क्षमताको स्थिति

गोरखा जिल्लाका गोरखा नगर पालिका भित्रका पाँच वटा सामुदायिक र पाँच वटा संस्थगत विद्यालयका २५-२५ जना गरी जम्मा ५० जना छात्राहरुको दैनिकी लेखन क्षमतालाई निम्नानुसार शीर्षकहरुमा आधारित भएर छुट्टा छुट्टै तालिकामा व्याख्या विश्लेषण गरिएको छ ।

### ५.२.१ विषय वस्तुका आधारमा

**तालिका नं. १४**

**छात्राहरुले विषय वस्तु चयनका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

**पूर्णाङ्क २.५**

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ५० | ७६ | १.२५ | ३६ | ७२ | १० | २० | ४ | ८ |

प्रस्तुत तालिका अनुसार जम्मा विद्यार्थी सङ्ख्या ५०, जनामा जम्मा प्राप्ताङ्क ७६ र औसत प्राप्ताङ्क १.५२ रहेको पाइन्छ । ३६ जना अर्थात् ७२ प्रतिशत छात्राहरुको विषय वस्तु व्यक्त गर्ने स्तर उत्तम भएको पाइन्छ भने १० जना अर्थात् २० प्रतिशत छात्राहरुको विषय वस्तु व्यक्त गर्ने स्तर मध्यम र ४ जना अर्थात् ८ प्रतिशत छात्राहरुको विषय वस्तु व्यक्त गर्ने स्तर निम्न खालको पाइन्छ । निम्न खाले छात्राहरुले दैनिकी लेख्दा विषय वस्तुलाई थोरै मात्रामा समेटेको पाइन्छ ।

### ५.२.२ क्रम बद्धताका आधारमा

**तालिक नं. १५**

**छात्राहरुले क्रम बद्धताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

**पूर्णाङ्क : २**

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ५० | ५८ | १.१६ | २९ | २९ | १३ | २६ | ८ | १६ |

प्रस्तुत तालिका अनुसार जम्मा विद्यार्थी सङ्ख्या ५० जना, जम्मा प्राप्ताङ्क ५८ र औसत प्राप्ताङ्क १.१६ रहेको पाइयो । यसमा २९ जना अर्थात् ५९ छात्राले दैनिकी लेख्दा क्रमिक रूपमा घटना क्रमलाई मिलाएर लेखेको पाइन्छ । त्यस्तै १३ जना अर्थात् २६ प्रतिशत छात्राले मध्यम स्तरको घटना क्रमको प्रयोग गरी लेखेको पाइन्छ भने ८ जना अर्थात् १६ प्रतिशतले दैनिकी लेख्दा घटनाक्रम तल माथि गरेर लेखेको पाइन्छ ।

### ५.२.३ वाक्य गठन र शब्द चयनका आधारमा

**तालिका नं. १६**

**छात्राहरुको वाक्य गठन र शब्द चयनका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

**पूर्णाङ्क १.५**

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ५० | ४४ | ०.८८ | ३६ | ७२ | ९ | १८ | ५ | १० |

प्रस्तुत तालिका अनुसार जम्मा विद्यार्थी सङ्ख्या ५० जना, जम्मा प्राप्ताङ्क ४४ र औसत प्राप्ताङ्क ०.८८ रहेको छ । यसमा ३६ जना अर्थात् ७२ प्रतिशतले दैनिकी लेख्दा वाक्य गठन र शब्द चयन विषय वस्तुका आधारमा गरेको पाइन्छ । त्यसै गरी ९ जना

अर्थात् १८ प्रतिशतले दैनिकी लेख्दा मध्यम खालको वाक्य गठन गरेको भेटिन्छ भने ५ जना अर्थात् १० प्रतिशतको दैनिकी लेखनमा वाक्य गठन क्षमता कमजोर रहेको देखिन्छ ।

### ५.२.४ मौलिकताका आधारमा

**तालिका नं. १७**

**छात्राहरुले मौलिकताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

**पूर्णाङ्क १.५**

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ५० | ३४ | ०.६८ | २७ | ५४ | १४ | २६ | ९ | १८ |

प्रस्तुत तालिकामा जम्मा विद्यार्थी सङ्ख्या ५० जना, जम्मा प्राप्ताङ्क ३४ र औसत प्राप्ताङ्क ०.६८ रहेको पाइन्छ । यस अन्तर्गत २७ जना अर्थात् ५४ प्रतिशत छात्राले दैनिकी लेख्दा आफ्नो मौलिक पक्षको उपयुक्त विकास गरेको पाइन्छ भने १४ जना अर्थात् २६ प्रतिशत छात्राले मध्यम स्तरको मौलिकता प्रयोग गरेको पाइन्छ । त्यस्तै ९ जना अर्थात् १८ प्रतिशत छात्राले आफ्नो मौलिकता र सिर्जनात्मक पक्षको विकास गर्न नसकेको पाइन्छ ।

### ५.२.५ शैली वा प्रस्तुतीकरणका आधारमा

**तालिका नं. १८**

**छात्राहरुले शैली वा प्रस्तुतीकरणका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

**पूर्णाङ्क १.५**

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ५० | २९ | ०.५८ | ३४ | ६८ | १० | २० | ६ | १२ |

प्रस्तुत तालिका अनुसार जम्मा विद्यार्थी सङ्ख्या ५०, जम्मा प्राप्ताङ्क २९ र औसत प्राप्ताङ्क ०.५८ रहेको पाइन्छ । यस अन्तर्गत ३४ जना अर्थात् ६८ प्रतिशत छात्राहरुले दैनिकी लेख्दा शैली वा प्रस्तुतीकरणलाई सरल र बोधगम्य तरिकाले प्रस्तुत गरेको पाइन्छ

भने १० जना अर्थात् २० प्रतिशत छात्राहरुले दैनिकी लेख्दा मध्यम खालको प्रस्तुतीकरण दिएको पाइन्छ । ६ जना अर्थात् १२ प्रतिशत छात्राहरुले दैनिकी लेख्दा प्रस्तुतीलाई त्यति ख्याल नपुऱ्याएको भेटिन्छ ।

#### ५.२.६ वर्ण विन्यासका आधारमा

**तालिका नं. १९**

**छात्राहरुले वर्ण विन्यासका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

**पूर्णाङ्कः १**

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ५० | ३३ | ०.६६ | ३२ | ६४ | १३ | २६ | ५ | १० |

प्रस्तुत तालिका अनुसार जम्मा विद्यार्थी सङ्ख्या ५०, जम्मा प्राप्ताङ्क ३३ र औसत प्राप्ताङ्क ०.६६ अङ्क रहेको पाइन्छ । यस अन्तर्गत ३२ जना अर्थात् ६४ प्रतिशतले दैनिकी लेख्दा ह्रस्व, दीर्घ, पदयोग, पद वियोग, लेख्य चिह्न प्रयोग आदिमा त्रुटि गरेको देखिन्न भने १३ जना अर्थात् २६ प्रतिशतले दैनिकी लेख्दा चिह्न प्रयोग, ह्रस्व र दीर्घ आदिमा अलिअलि गल्ती गरेको पाइन्छ । त्यस्तै ५ जना अर्थात् १० प्रतिशत छात्राहरु वर्ण विन्यासमा एकदम कमजोर रहेको पाइन्छ ।

### ५.३ छात्र र छात्राको दैनिकी लेखन क्षमताको तुलनात्मक स्थिति

सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत छात्र र छात्राको दैनिकी लेखन क्षमताको तुलना गर्दा उनीहरुले प्राप्त गरेको प्राप्ताङ्क र औसत प्राप्ताङ्कलाई आधार मानी तालिका देखाएर व्याख्या गरिएको छ ।

### तालिका नं. २०

### छात्र र छात्राहरुको प्राप्ताङ्कको तुलनात्मक स्थिति

**पूर्णाङ्कः १०**


| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| छात्र ५० | १३२ | २.६४ | ९ | १८ | २३ | ४६ | १५ | ३६ |
| छात्रा ५० | २७४ | ५.४८ | २० | ४० | १६ | ३२ | १४ | २८ |

प्रस्तुत तालिका अनुसार छात्रहरुको जम्मा प्राप्ताङ्क १३२ छ र उनीहरुको औसत प्राप्ताङ्क २.६४ छ भने छात्राहरुको जम्मा प्राप्ताङ्क २७४ र औसत प्राप्ताङ्क ५.४६ छ । गोरखा जिल्लाका गोरखा नगर पालिकाभित्रका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुमा छात्राहरुको दैनिकी लेखन क्षमता छात्रहरुको भन्दा राम्रो रहेको पाइन्छ । त्यसै गरी छात्राहरुले विषय वस्तु, क्रम बद्धता, वाक्य गठन र शब्द चयन, मौलिकता, शैली वा प्रस्तुतीकरण र वर्ण विन्यासका आधारमा छात्राहरुले छात्रभन्दा उत्तम अङ्क ल्याएका छन् । ५० जना छात्राहरुमध्ये उत्तम अङ्क ल्याउने २० जना, मध्यम अङ्क ल्याउने १६ जना र निम्न अङ्क ल्याउने १४ जना छन् भने छात्रहरुमा उत्तम अङ्क ल्याउने ९ जना, मध्यम अङ्क ल्याउने २३ जना र निम्न अङ्क ल्याउने १८ जना रहेको पाइन्छ ।

माथिको तालिकालाई निम्नानुसार स्तम्भ चित्रमा पनि देखाउन सकिन्छ :

**चित्र नं. ३**

**छात्र र छात्राहरुको प्राप्ताङ्कको तुलनात्मक स्थिति**




माथिको स्तम्भ चित्र अनुसार छात्र र छात्राहरुको दैनिकी लेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा छात्रको भन्दा छात्राहरुको दैनिकी लेखन क्षमता औसतमा उत्तम रहेको पाइन्छ । स्तम्भ चित्र र तालिका अनुसार ३०% भन्दा कम निम्नतम अङ्क ल्याउने र ७५% भन्दा माथि अति उत्तम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या छैन । यसमा उत्तम, मध्यम र निम्न अङ्क ल्याउने छात्रा छात्रहरु मात्र रहेको पाइन्छ ।

# अध्याय छ

## विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरुको दैनिकी लेखन क्षमताको अध्ययन

विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले लेखेको दैनिकीलाई पनि विषय वस्तु, क्रम बद्धता, वाक्य गठन, शब्द चयन, मौलिकता, शैली वा प्रस्तुतीकरण र वर्ण विन्यासका आधारमा अङ्क निर्धारण गरी परीक्षण गरिएको छ ।

यस अन्तर्गत सामुदायिकतर्फ श्री रत्नराज्य माध्यमिक विद्यालय, विरिञ्चोक, श्री महेन्द्र माध्यमिक विद्यालय कुन्दुर, श्री महालक्ष्मी माध्यमिक विद्यालय लक्ष्मी बजार, श्री शक्ति माध्यमिक विद्यालयं पाटेचौर, श्री महेन्द्र ज्योति माध्यमिक विद्यालय दरबारमार्गलाई लिएको छ । त्यसै गरी संस्थागत विद्यालयतर्फ गोरखा मनकामना बोर्डिङ स्कुल सतिपिपल, श्री जेनियस इङ्लिस बोडिङ स्कुल, नयाँबजार, गोरखा, श्री लक्ष्मी सामुदायिक शिक्षा सदन लक्ष्मी बजार, मोर्डन सेकेन्डरी बोर्डिङ स्कुल, हरमटारी गोरखा, श्री सन्टमेरिज इङ्लिस बोर्डिङ स्कुल १४ किलो, गोरखालाई लिएको छ । कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुले लेखेको दैनिकीलाई लिएर गरिएको परीक्षणबाट आएको प्राप्ताङ्कलाई विभिन्न आधारमा छुट्टा छुट्टै व्याख्या विश्लेषण गरिएको छ ।

### ६.१ सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको दैनिकी लेखन क्षमता

प्रस्तुत अध्ययनमा विद्यालयको प्रकृतिका आधारमा गोरखा जिल्लाका गोरखा नगर पालिकाभित्रका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको दैनिकी लेखन क्षमताको अध्ययन गरिएको छ । त्यसैले गोरखा जिल्लाका गोरखा नगर पालिकाभित्रका पाँच वटा सामुदायिक विद्यालयका विद्यार्थीहरुको दैनिकी लेखन क्षमतालाई निम्नानुसारका शीर्षकहरुमा आधारित भए छुट्टा छुट्टै तालिकामा व्याख्या विश्लेषण गरिएको छ :

### ६.१.१ विषय वस्तुका आधारमा

**तालिका नं. २१**

**सामुदायिक विद्यालयका विद्यार्थीहरुले विषय वस्तुका आधारमा ल्याएको प्राप्ताङ्क**

**पूर्णाङ्क २.५**

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ५० | ३३ | ०.६६ | ३२ | ६४ | १३ | २६ | ५ | १० |

प्रस्तुत तालिका अनुसार जम्मा विद्यार्थी सङ्ख्या ५०, जम्मा प्राप्ताङ्क ७३ र औसत प्राप्ताङ्क १.४६ रहेको पाइन्छ । यस अन्तर्गत दैनिकी लेख्दा ३७ जना अर्थात् ७४ प्रतिशत विद्यार्थीहरुले विषय वस्तुलाई उत्तम तरिकाले प्रस्तुत गरेको पाइन्छ भने ११ जना अर्थात् २२ प्रतिशत विद्यार्थीहरुको दैनिकी लेख्दा विषय वस्तुको प्रस्तुति मध्यम खालको पाइन्छ । २ जना अर्थात् ४ प्रतिशत विद्यार्थीहरुले दैनिकीको विषय वस्तुलाई समेट्न नसकेको देखिन्छ ।

### ६.१.२ क्रम बद्धताका आधारमा

**तालिका नं. २२**

**सामुदायिक विद्यालयका विद्यार्थीहरुले क्रम बद्धताका आधारम ल्याएको प्राप्ताङ्क**

**पूर्णाङ्क २**

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ५० | ५२ | १.०४ | ७ | १४ | ३१ | ६२ | १२ | २४ |

प्रस्तुत तालिका अनुसार जम्मा विद्यार्थी सङ्ख्या ५०, जम्मा प्राप्ताङ्क ५२ र औसत प्राप्ताङ्क १.०४ रहेको पाइन्छ । यस अन्तर्गत ७ जना अर्थात् १४ प्रतिशत विद्यार्थीहरुले दैनिकी लेख्दा क्रम बद्धतालाई राम्रोसँग ध्यान दिएर लेखेको पाइन्छ भने ३१ जना अर्थात् ६२ प्रतिशत विद्यार्थीहरुले दैनिकी लेख्दा केही कम मात्रामा क्रम बद्धतालाई ध्यान दिएर

लेखेको पाइन्छ । १२ जना अर्थात् २४ प्रतिशत विद्यार्थीहरुले दैनिकी लेख्दा क्रम बद्धतालाई ख्यालै नगरी लेखेको भेटिन्छ ।

### ६.१.३ वाक्य गठन र शब्द चयनका आधारमा

**तालिका नं. २३**

**सामुदायिक विद्यालयका विद्यार्थीहरुले वाक्य गठन र शब्द चयनका आधारमा ल्याएको प्राप्ताङ्क**

**पूर्णाङ्क १.५**

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ५० | ४७ | ०.९४ | ३८ | ७६ | ५ | १० | ७ | १४ |

प्रस्तुत तालिका अनुसार जम्मा विद्यार्थी सङ्ख्या ५०, जम्मा प्राप्ताङ्क ४७ र औसत प्राप्ताङ्क ०.९४ रहेको पाइन्छ । यस अन्तर्गत वाक्य गठन र शब्द चयनमा ३८ जना अर्थात् ७६ प्रतिशत विद्यार्थीहरुको उत्तम क्षमता रहेको पाइन्छ भने ५ जना अर्थात् १० प्रतिशत विद्यार्थीहरुको वाक्य गठन वा शब्द चयन गर्ने क्षमता मध्यम खालको पाइन्छ । ७ जना अर्थात् १४ प्रतिशत विद्यार्थीहरुको दैनिकी लेख्दा वाक्य गठन र शब्द चयनमा निम्न क्षमता रहेको पाइन्छ ।

### ६.१.४ मौलिकताका आधारमा

**तालिका नं. २४**

**सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको मौलिकताका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

**पूर्णाङ्क १.५**

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ५० | ४० | ०.८० | २६ | ५२ | १९ | ३८ | ५ | १० |

प्रस्तुत तालिका अनुसार जम्मा विद्यार्थी सङ्ख्या ५० जम्मा प्राप्ताङ्क ४० र औसत प्राप्ताङ्क ०.८० रहेको पाइन्छ । जस अन्तर्गत २६ जना अर्थात् ५२ प्रतिशत विद्यार्थीहरुले दैनिक लेख्दा मौलिकताको प्रयोग उच्च खालको देखियो भने १९ जना अर्थात् ३८ प्रतिशत विद्यार्थीहरुको मौलिकता मध्यम खालको भेटियो । त्यसै गरी ५ जना अर्थात् १० प्रतिशत विद्यार्थीहरुले दैनिकी लेख्दा मौलिकतालाई ख्यालै नगरीकन लेखेको देखियो ।

### ६.१.५ शैली वा प्रस्तुतीकरण

**तालिका नं. २५**

**सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको शैली वा प्रस्तुतीकरणका आधारमा प्राप्त गरेको प्राप्ताङ्क**

**पूर्णाङ्क १.५**

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ५० | ३५ | ०.७० | ३८ | ७६ | ६ | १२ | ६ | १२ |

प्रस्तुत तालिका अनुसार जम्मा विद्यार्थी सङ्ख्या ५० जना प्राप्ताङ्क ३५ र औसत प्राप्ताङ्क ०.७० रहेको पाइन्छ । जस अन्तर्गत ३८ जना अर्थात् ७६ प्रतिशत विद्यार्थीहरुले दैनिकी लेख्दा वाक्य गठन र शब्द चयन क्षमता उच्च रहेको पाइन्छ भने ६ जना अर्थात् १२ प्रतिशत विद्यार्थीहरुको दैनिकी लेख्दा वाक्य गठन र शब्द चयन गर्ने क्षमता मध्यम रहेको पाइन्छ । ६ जना अर्थात् १२ प्रतिशत विद्यार्थीहरुको दैनिकी लेख्दा वाक्यगठन र शब्दचयन गर्ने क्षमता निम्न रहेको पाइन्छ ।

### ६.१.६ वर्ण विन्यासका आधारमा

तालिका नं. २६

सामुदायिक विद्यालयका विद्यार्थीहरुले वर्ण विन्यासका आधारमा ल्याएको प्राप्ताङ्क

पूर्णाङ्क १

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ५० | ३४ | ०.६८ | २७ | ५८ | ११ | २२ | १२ | २४ |

प्रस्तुत तालिका अनुसार जम्मा विद्यार्थी सङ्ख्या ५०, जम्मा प्राप्ताङ्क ३४ र औसत प्राप्ताङ्क ०.६८ रहेको पाइन्छ । यस अन्तर्गत २७ जना अर्थात् ५४ प्रतिशत विद्यार्थीहरुले दैनिकी लेख्दा भाषिक शुद्धता, पदयोग, पद वियोग, लेख्य चिह्न जस्ता पक्षलाई ख्याल गरेर दैनिकी लेखेको पाइन्छ भने ११ जना अर्थात् २२ प्रतिशत विद्यार्थीहरुको दैनिकी लेख्दा वर्ण विन्यास, भाषिक शुद्धता, पदयोग, पद वियोग र लेख्य चिह्नको प्रयोग मध्यम खालको पाइन्छ । १२ जना अर्थात् २४ प्रतिशत विद्यार्थीहरुको दैनिकी लेख्दा वर्ण विन्यासको ख्यालै नगरीकन लेखेको पाइन्छ ।

## ६.२ संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको दैनिकी लेखन क्षमताको स्थिति

प्रस्तुत दैनिकी लेखन गोरखा जिल्लाका पाँच वटा संस्थागत विद्यालयका विद्यार्थीहरुको दैनिकी लेखन क्षमतालाई निम्नानुसारका शीर्षकमा आधारित भएर छुट्टा छुट्टै तालिकामा व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ६.२.१ विषय वस्तुका आधारमा

**तालिका नं. २७**

**संस्थागत विद्यालयका विद्यार्थीहरुले विषय वस्तुका आधारमा ल्याएको प्राप्ताङ्क**

**पूर्णाङ्क : २.५**

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ५० | ५९ | १.१८ | २४ | ४८ | १८ | ३६ | ८ | १६ |

प्रस्तुत तालिकामा जम्मा विद्यार्थी सङ्ख्या ५०, जम्मा प्राप्ताङ्क ५९ र औसत प्राप्ताङ्क १.१८ पाइन्छ । यसमध्ये विषय वस्तुमा उत्तम अङ्क ल्याउने २४ जना अर्थात् ४८ प्रतिशतले उत्तम स्तको विषय वस्तु प्रस्तुत गरेको पाइन्छ भने १८ जना अर्थात् ३६ प्रतिशतले मध्यम खालको प्रस्तुति दिएको पाइन्छ । ८ जना अर्थात् १६ प्रतिशते विषय वस्तुलाई त्यति ख्याल नगरेको पाइन्छ ।

### ६.२.३ क्रम बद्धताका आधारमा

**तालिका नं. २८**

**संस्थागत विद्यालयका अध्ययनरत विद्यार्थीहरुले क्रम बद्धताका आधारमा ल्याएको प्राप्ताङ्क**

**पूर्णाङ्क २**

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ५० | ३१ | ०.६२ | १६ | ३२ | ११ | २२ | २३ | ४६ |

प्रस्तुत तालिका अनुसार जम्मा विद्यार्थी सङ्ख्या ५० जना, जम्मा प्राप्ताङ्क ३१ र औसत प्राप्ताङ्क ०.६२ रहेको पाइन्छ । १६ जना अर्थात् ३२ प्रतिशत विद्यार्थीहरुले दैनिकी

लेख्दा क्रम बद्धतालाई सही तरिकाले ख्याल गरेर लेखेको पाइन्छ भने ११ जना अर्थात् २२ प्रतिशत विद्यार्थीले दैनिकी लेख्दा क्रम बद्धतालाई सामान्य रूपमा ख्याल गरेर लेखेको पाइन्छ । २३ जना अर्थात् ४६ प्रतिशत विद्यार्थीहरुले दैनिकी लेख्दा क्रम बद्धतालाई ख्यालै नगरीकन लेखेको पाइन्छ ।

### ६.२.३ वाक्य गठन र शब्दचयनका आधारमा

**तालिका नं. २९**

**संस्थागत विद्यालयका विद्यार्थीहरुले वाक्य गठन र शब्द चयनका आधारमा ल्याएको प्राप्ताङ्क**

**पूर्णाङ्क १.५**

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ५० | २७ | ०.५४ | २१ | ४२ | ९ | १८ | २० | ४० |

प्रस्तुत तालिकामा जम्मा विद्यार्थी सङ्ख्या ५० जना, जम्मा, प्राप्ताङ्क २७ र औसत प्राप्ताङ्क ०.५४ रहेको पाइन्छ । यसमा २१ जना अर्थात् ४२१ प्रतिशत विद्यार्थीहरुले दैनिकी लेख्दा वाक्य गठन र शब्द चयनमा ख्याल गरेर लेखेको पाइन्छ भने ९ जना अर्थात् १८ प्रतिशत विद्यार्थीहरुले दैनिकी लेख्दा वाक्य गठन शब्द चयनमा सामान्य ख्याल गरेर लेखेको भेटिन्छ । २० जना अर्थात् ४० प्रतिशतले दैनिकी लेख्दा वाक्य गठन र शब्द चयनमा ख्यालै नगरी दैनिकी लेखेको पाइन्छ ।

### ६.२.४ मौलिकताका आधारमा

तालिका नं. ३०

**संस्थागत विद्यालयका विद्यार्थीहरुले मौलिकताका आधारमा ल्याएको प्राप्ताङ्क**

**पूर्णाङ्क १.५**

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ५० | ३५ | ०.७० | २३ | ४६ | ८ | १६ | १९ | ३५ |

प्रस्तुत तालिकामा जम्मा विद्यार्थी सङ्ख्या ५० जना, जम्मा प्राप्ताङ्क ३५ र औसत प्राप्ताङ्क ०.७० रहेको पाइन्छ। यसमा २३ जना अर्थात् ४६ प्रतिशत विद्यार्थीहरुको दैनिकी लेख्दा आफ्नै मौलिक एवम् सिर्जनात्मक पक्षको प्रयोग गरी लेखेको पाइन्छ भने ८ जना अर्थात् १६ प्रतिशत विद्यार्थीहरुले दैनिकी लेखनमा मध्यम खालको मौलिकता प्रयोग गरेको पाइन्छ। १९ जना अर्थात् ३८ प्रतिशतले दैनिकी लेख्दा मौलिक पक्षमा त्यति ख्याल नगरीकन लेखेको भेटिन्छ।

### ६.२.५ शैली वा प्रस्तुतीकरणका आधारमा

तालिका नं ३१

**संस्थागत विदयालयका विद्यार्थीहरुले शैली वा प्रस्तुतीकरणका आधारमा ल्याएको प्राप्ताङ्क**

**पूर्णाङ्क १.५**

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ५० | ३८ | ०.७६ | २४ | ४८ | ७ | १४ | १९ | ३८ |

प्रस्तुत तालिका अनुसार जम्मा विद्यार्थी सङ्ख्या ५० जना, जम्मा प्राप्ताङ्क ३८ औसत प्राप्ताङ्क ०.७६ रहेको पाइन्छ । यस अन्तर्गत २४ जना अर्थात् ४८ प्रतिशत

विद्यार्थीहरुको दैनिकी लेख्ने शैली र प्रस्तुतीकरण उत्तम स्तरको पाइन्छ भने ७ जना अर्थात् १४ प्रतिशत विद्यार्थीहरुले दैनिकी लेख्ने शैली वा प्रस्तुतीकरण मध्यम स्तरको पाइन्छ । १९ जना अर्थात् ३८ प्रतिशत विद्यार्थीहरुले दैनिकी लेखनमा शैली र प्रस्तुतीकरणलाई ख्यालै नगरीकन लेखेको भेटिन्छ ।

### ६.२.६ वर्ण विन्यासका आधारमा

**तालिका नं. ३२**

**संस्थागत विद्यालयका विद्यार्थीहरुले वर्ण विन्यासका आधारमा ल्याएको प्राप्ताङ्क**

**पूर्णाङ्क १**

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ५० | २८ | ०.५६ | २३ | ४६ | १२ | २४ | १५ | ३० |

प्रस्तुत तालिकामा जम्मा विद्यार्थी सङ्ख्या ५० जना, जम्मा प्राप्ताङ्क २८ र औसत प्राप्ताङ्क ०.५६ रहेको पाइन्छ । यस अन्तर्गत २३ जना अर्थात् ४६ प्रतिशत विद्यार्थीहरुको दैनिकी लेखनमा भाषिक वर्ण विन्यास, लेख्य चिह्न पदयोग, पद वियोग आदिमा उत्तम क्षमता रहेको पाइन्छ भने १२ जना अर्थात् २४ प्रतिशतले वर्ण विन्यासमा मध्यम खालको बौद्धिक स्तर देखाएको पाइन्छ । १५ जना अर्थात् ३० प्रतिशत विद्यार्थीले दैनिकी लेख्दा भाषिक वर्णगत शुद्धता, पदयोग, पद वियोग, लेख्य चिह्न प्रयोग जस्ता कुरामा ख्यालै नगरीकन लेखेको पाइन्छ ।

## ६.३ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको दैनिकी लेखन क्षमताको तुलनात्मक स्थिति

सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको दैनिकी लेखन क्षमताको स्थितिलाई उनीहरुले प्राप्त गरेको जम्मा प्राप्ताङ्क र त्यसको औसत अङ्कलाई आधार मानी तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३३

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको प्राप्ताङ्कको तुलनात्मक स्थिति**

**पूर्णाङ्क : १०**


| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा प्राप्ताङ्क | औसत प्राप्ताङ्क | उत्तम | प्रतिशत | मध्यम | प्रतिशत | निम्न | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| सामुदायिक | २८१ | ५.६२ | ७ | १४ | ३४ | ६८ | ९ | १८ |
| संस्थागत | २१८ | ४.३६ | १० | २० | २८ | ५६ | १२ | २४ |

प्रस्तुत तालिकामा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुले दैनिकी लेख्दा प्राप्त गरेको जम्मा प्राप्ताङ्क सामुदायिकमा २८१ र संस्थागतमा २१८ रहेको पाइन्छ भने सामुदायिकमा औसत प्राप्ताङ्क ५.६२ र संस्थागतमा औसत प्राप्ताङ्क ४.३६ रहेको पाइन्छ । सामुदायिक र संस्थागत विद्यालयमा निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी रहेका छैन । सामुदायिक विद्यालयमा उत्तम प्राप्ताङ्क ल्याउने ७ जना अर्थात् १४ प्रतिशत विद्यार्थीहरु रहेका छन् भने संस्थागत विद्यालयमा उत्तम प्राप्ताङ्क ल्याउने १० जना अर्थात् २० प्रतिशत विद्यार्थीहरु रहेका छन् । सामुदायिक विद्यालयमा मध्यमा प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३४ जना अर्थात् ६८ प्रतिशत रहेको पाइन्छ भने संस्थागत विद्यालयमा मध्यम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या २८ जना अर्थात् ५६ प्रतिशत रहेको पाइन्छ । सामुदायिक विद्यालयमा निम्न अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ९ जना अर्थात् १८ प्रतिशत रहेका छन् भने संस्थागत विद्यालयमा १२ जना अर्थात् २४ प्रतिशत विद्यार्थीहरु निम्न अङ्क ल्याउने रहेका देखिन्छन् ।

माथिको तालिकालाई निम्न अनुसार स्तम्भ चित्रमा पनि देखाउन सकिन्छ :

चित्र नं. ४

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको प्राप्ताङ्कको तुलनात्मक स्थिति**




माथिको स्तम्भ चित्रअनुसा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको दैनिकी लेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा संस्थागतभन्दा सामुदायिक विद्यालयको दैनिकी लेखन क्षमता औसतमा उत्तम रहेको पाइन्छ ।

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको प्राप्ताङ्कको तुलनात्मक स्थिति हेर्दा ३०% भन्दा कम निम्नतम अङ्क ल्याउने र ७५% भन्दा बढी अति उत्तम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या भेटिएन । दैनिकी लेखनमा उत्तम, मध्यम र निम्न अङ्क ल्याउने विद्यार्थीहरु रहेको पाइन्छ ।

## ६.४ समग्र विद्यार्थीहरुको दैनिकी लेखन क्षमताको स्थिति

माथि विभिन्न शीर्षकमा तुलना गरिएको सम्पूर्ण विद्यार्थीको प्राप्ताङ्कलाई आधार मानी त्यसको मध्यमान र मानक विचलन निकाली विद्यार्थीहरुको दैनिकी लेखन क्षमता स्तरको व्याख्या विश्लेषण गरिएको छ ।

## तालिका नं. ३४

## समग्र विद्यार्थीहरुको जम्मा प्राप्ताङ्कको मध्यमान र मानक विचलन

| प्राप्ताङ्क | बारम्बारता | मध्यविन्दु | fm | d+xi-A | $d^2$ | fidi | $Fidi^2$ |
|---|---|---|---|---|---|---|---|
| २–३ | ३ | २.३ | ७.५ | –३ | ९ | –९ | ८१ |
| ३–४ | २० | ३.५ | ७० | –२ | ४ | –४० | १६०० |
| ४–५ | २४ | ४.५ | १०८ | –१ | १ | –२४ | ५७६ |
| ५–६ | २३ | ५.५ | १२६.५ | ० | ० | ० | ० |
| ६–७ | १८ | ६.५ | ११७ | –१ | १ | १८ | ३२४ |
| ७–८ | ७ | ७.५ | ५२.५ | –२ | ४ | २८ | ७८४ |
| ८–९ | ५ | ८.५ | ४२.५ | –३ | ९ | ४५ | २०२५ |
| | N= १०० | | Σfm = ५२४ | | | Σfidi = ९८ | $\Sigma fidi^2$ = ५३९० |

मध्यमान $\bar{X} = \frac{\Sigma fm}{N}$

$= \frac{५२४}{१००}$

मध्यमान = ५.२४

मानक मध्यमान

A = ५.५

di = xi-A

मानक मध्यमान $(\sigma) = \sqrt{\left(\frac{\Sigma fidi}{N}\right)^2 - \left(\frac{\Sigma fidi}{N}\right)^2}$

$$\sigma = \sqrt{\left(\frac{५३९०}{१००}\right)^२ - \left(\frac{९८}{१००}\right)^२}$$

$$\sigma = \sqrt{५३.९ - (०.९८)^२}$$

$$\sigma = \sqrt{५२.९३९}$$

$$\sigma = ७.२७$$

प्रस्तुत तालिका अनुसार जम्मा विद्यार्थी सङ्ख्या १०० रहेको छ भने जम्मा प्राप्ताङ्क ५२४ यसको मध्यमान ५.२४ रहेको छ । प्राप्ताङ्क ३ जनाको ८.५ तथा ८ जनाको ८ उत्तम अङ्क र ३ जनाको न्यूनतम अङ्क २ रहे पनि अधिकांश विद्यार्थीको अङ्क ४.७ को बिचमा रहेको छ । यसर्थ ७/८ जना विद्यार्थी बाहेक अन्यको दैनिकी लेखन क्षमता लगभग समान देखिन्छ । मध्यमानभन्दा कम अङ्क ल्याउने ५२ जना र बढी ल्याउने ४८ जना रहेका छन् भने निम्नतम अङ्क र अति उत्तम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या छैन ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

दैनिकी भनेको कुनै पनि व्यक्तिको दिनभरीको घटनाहरुलाई समेटेर तयार पारिएको रचना नै दैनिकी हो । दैनिकी कुनै व्यक्तिको दिनभरिको घटनाहरुको विवरण भए तापनि दैनिकीमा विषय वस्तु, क्रम बद्धता, मौलिकता, वाक्य गठन, शब्द चयन, शैली वा प्रस्तुतीकरण, वर्ण विन्यास जस्ता कुरा पनि आवश्यक मानिन्छन् । दैनिकीमा यी कुरा भएन भने उपयुक्त खालको दैनिकी बन्न सक्दैन ।

दैनिकी रूपक विधा भित्रको गद्य लेख्य उपविधा हो । यसले एकातिर विद्यार्थीहरुलाई जाँगरिलो बनाउने र लेखन क्षमताको विकास गराउँछ भने अर्कोतिर व्यक्तिको जीवनी सम्बन्धी जानकारी दिन पनि सहयोग पुऱ्याउँछ । त्यसैले दैनिकी लेखनको स्थान निकै ठुलो रहेको छ ।

प्रस्तुत शोधकार्यको अध्याय एकमा शोधशीर्षक, शोध प्रयोजन, अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको सान्दर्भिकता र उपादेयता, अध्ययनको सीमाङ्कन र अध्ययन कार्यको रूपरेखालाई समावेश गरिएको छ । यस अध्ययन कार्यमा गोरखा जिल्लाका गोरखा जिल्लाका गोरखा नगरपालिकाभित्रका विद्यालयलाई केन्द्रित बनाएर दैनिकी लेखन लगाइने भनी शीर्षक छनोट गरी तीनवटा उद्देश्यमा आधारित भई विद्यार्थीहरुलाई दैनिकी लेख्न लगाइएको छ । दैनिकी लेखनको लेखाइ सीपको विकासमा टेवा पुऱ्याउने हुँदा यस अध्ययनले निश्चित सीमाङ्कन गरी दैनिकी लेख्न लगाइएको छ । दैनिकी लेखनले लेखाइ सीपको विकासमा टेवा पुऱ्याउने हुँदा यस अध्ययनले निश्चित सीमाङ्कन गरी दैनिकी लेखन लगाइएको छ र यस अध्यायमा अध्ययन कार्यको सुरुदेखि अन्त्यसम्मको रूपरेखा प्रस्तुत गरिएको छ ।

शोधकार्यको अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा समावेश गरिएउको छ । यसमा पुस्तकको पुनरावलोकन र शोधकार्यको पुनरावलोकन दैनिकी लेखन सम्बन्धी विभिन्न पुस्तकहरु अध्ययन गरेर ती पुस्तकहरुको सन्दर्भ खुल्ने गरी पेज नं. समेत उल्लेख गरेर ५ वटा पुस्तकको पुनरावलोकन गरिएको छ । जसले अध्ययनकर्तालाई

अध्ययन कार्य गर्ने ठूलो सहयोग मिलेको छ । त्यस्तै गरी अध्ययन कार्यलाई पूर्णता दिनको निम्ति विभिन्न शोधपत्रको पुनरावलोकन गरिएको छ जसमा ११ वटा शोधपत्रहरुको अध्ययनलाई आत्मसाथ गर्दै दैनिकी लेखन सम्बन्धी शोधपत्रलाई पूर्णता दिने काम गरिएको छ । यसका साथै सैद्धान्तिक अवधारणा, लेखाइ सिपको विकासमा दैनिकीको पक्षहरु र लेखा सिपको विकासमा दैनिकी लेखनको रूपरेखालाई समावेश गरिएको छ ।

शोधकार्यको अध्याय तीनमा अध्ययन विधि र प्रक्रिया समावेश गरिएको छ । कुनै पनि अध्ययन कार्यलाई प्रभावकारी र उपलब्धिमूलक बनाउनका लागि निश्चित विधि, तरिका र प्रक्रियाहरुको अवलम्बन गर्नुपर्ने हुन्छ । जसमा जनसङ्ख्याको पहिचान, नमुना छनोट, सामग्री सङ्कलनका स्रोतहरु, सामग्री निर्माण र तथ्याङ्कको व्याख्या र विश्लेषणका साथै मूल्याङ्कनलाई आधार बनाएर अध्ययन गर्नुपर्ने हुन्छ । यिनै कुरालाई अवलम्बन गर्दै यस अध्ययन कार्य सम्पन्न गरिएको छ ।

शोधकार्यको अध्याय चारमा प्राप्त तथ्याङ्कको आधारमा गोरखा जिल्लाका गोरखा नगरपालिका भित्रका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको दैनिकी लेखन क्षमतालाई विभिन्न आधारमा विषय वस्तुका आधारमा, क्रमबद्धताका आधारमा, वाक्य गठन र शब्द चयनका आधारमा, मौलिकताका आधारमा, शैली वा प्रस्तुतीकरणका आधारमा वर्ण विन्यासका आधारमा मूल्याङ्कन गरिएको छ । यसरी समग्र विद्यार्थीहरुको दैनिकी लेखन क्षमतालाई हेर्दा यसमा निम्नतम अङ्क र अति उत्तम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या नरहेको उत्तम, मध्यम र निम्न प्रतिशत ल्याउने विद्यार्थी मात्र रहेको समग्रमा गोरखा जिल्लाका गोरखा नगरपालिका भित्रका सामुदायिक र संस्थागत विद्यार्थीहरुको दैनिकी लेखन क्षमतालाई हेर्दा मध्यम स्तरको देखिन्छ ।

शोधकार्यको अध्याय पाँचमा लैङ्गिकताका आधारमा विद्यार्थीहरुको दैनिकी लेखन क्षमताको अध्ययनलाई छात्रहरुको दैनिकी लेखन क्षमताको स्थिति र छात्राहरुको दैनिकी लेखन क्षमताको स्थितिलाई विभिन्न आधारमा विषयवस्तुका आधारमा, क्रम बद्धताका आधारमा, वाक्य गठन र शब्द चयनका आधारमा, मौलिकताका आधारमा, शैली वा प्रस्तुतीकरणका आधारमा र वर्णविन्यासका आधारमा प्राप्त गरेको प्राप्ताङ्कलाई तालिकाबद्ध गरेर प्रस्तुत गरिएको छ । यसमा छात्र र छात्राहरुको दैनिकी लेखन क्षमतालाई

हेर्दा निम्नतम अङ्क ल्याउने र अति उत्तम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या नरहेको उत्तम, मध्यम र निम्न प्रतिशत ल्याउने विद्यार्थी मात्र रहेको देखिन्छ ।

शोधकार्यको अध्याय छमा विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरुको दैनिकी लेखन क्षमताको अध्ययन रहेको छ । यसमा गोरखा जिल्लाका गोरखा नगरपालिका भित्रका संस्थागत ५ वटा र सामुदायिक ५ वटा विद्यालयका विद्यार्थीहरुको दैनिकी लेखन क्षमतालाई तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ । जसमा संस्थागत विद्यालयका विद्यार्थीहरुको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरुको दैनिकी लेखन क्षमता उत्तम रहेको पाइन्छ ।

प्रस्तुत शोधकार्यमा गोरखा जिल्लाका गोरखा नगर पालिका भित्रका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको दैनिकी लेखन क्षमताको अध्ययन गर्ने सिलसिलमा आफ्नो विद्यालयमा सरस्वती पुजा र अभिभावक दिवसको अवरसमा आफू सहभागी भएको कुरा उल्लेख गर्दै एक दिनको दैनिकी लेख्न लगाइएको थियो, जसमा ३ वटा सामुदायिक स्कुलमा 'अभिभावक दिवस' शीर्षकमा दैनिकी, लेखाइएको थियो भने २ वटा सामुदायिक स्कुलमा 'सरस्वती पुजा' शीर्षकमा दैनिकी लेख्न लगाइएको थियो । त्यसै गरी ३ वटा संस्थागत विद्यालयमा सरस्वती पुजा शीर्षकमा दैनिकी लेख्न लगाइएको थियो भने २ वटा संस्थागत विद्यालयमा 'अभिभावक दिवस' शीर्षकमा दैनिकी लेख्न लगाइएको थियो । दैनिकी लेखेको उक्त उत्तर पुस्तिकालाई मूल्याङ्कन गर्दा खेरी कसैको लेखाइ उत्तम, कसैको मध्यम कसैले निम्न स्तरको लेखन कला रहेको पाइएको छ । विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरुको दैनिकी लेखन क्षमता अध्ययन गर्दा संस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालयको विद्यार्थीहरुको दैनिकी लेखन क्षमता राम्रो रहेको पाइएको छ । त्यस्तै गरी लैङ्गिकताका आधारमा दैनिकी लेखन क्षमता हेर्दा तुलनात्मक रूपमा छात्रहरुको भन्दा छात्राहरुको क्षमता उत्तम रहेको पाइयो । समग्रमा गोरखा जिल्लाका गोरखा नगर पालिकाभित्र कक्षा दशमा अध्ययनत विद्यार्थीहरुको दैनिकी लेखन क्षमतालाई हेर्दा मध्यम स्तरको रहेको पाइयो ।

## ७.२ निष्कर्ष

प्रस्तुत शोधकार्यमा गोरखा जिल्लाका गोरखा नगर पालिकाभित्रका कक्षा दशमा अध्ययनरत पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका ५० जना छात्र र ५० जना छात्रा गरी जम्मा १०० जना विद्यार्थीहरुको दैनिकी लेखन क्षमता परीक्षण गरी व्याख्या र

विश्लेषण गरिएको छ । उक्त व्याख्या विश्लेषणबाट आएको निष्कर्ष निम्नानुसार प्रस्तुत गरिएको छ :

१. समग्र विद्यार्थीहरुको दैनिकी लेखन क्षमतालाई हेर्दा १० पूर्णाङ्कमा निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको उत्तम अङ्क ल्याउने ५८ जना, मध्यम अङ्क ल्याउने १७ जना र निम्न अङ्क ल्याउने २५ जना रहेको पाइन्छ ।

२. विषय वस्तुका आधारमा २.५ पूर्णाङ्कमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको औसत प्राप्ताङ्क १.४६, क्रम बद्धताका आधारमा २ पूर्णाङ्कमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको औसत प्राप्ताङ्क १.०४ उत्तम अङ्क ल्याउने ३७ जना मध्यम अङ्क ल्याउने ११ जना र निम्न अङ्क ल्याउने २ जना रहेको पाइन्छ ।

३. समग्रतामा छात्राहरुको दैनिकी लेखन क्षमता छात्रहरुको भन्दा तुलनात्मक रूपमा राम्रो रहेको पाइन्छ ।

४. वाक्य गठनका आधारमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको पूर्णाङ्क १.५ औसत प्राप्ताङ्क ०.९४, निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम अङ्क ल्याउन ७ जना रहेको पाइन्छ ।

५. मौलिकताका आधारमा सामुदायिक विद्यालयमा अध्ययनत विद्यार्थीहरुको पूर्णाङ्क १.५ औसत प्राप्ताङ्क ०.८० उत्तम अङ्क ल्याउने २६ जना, मध्यम अङ्क ल्याउने १९ जना, निम्न अङ्क ल्याउने ५ जना रहेको पाइन्छ ।

६. शैली वा प्रस्तुतीकरणका आधारमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहको पूर्णाङ्क १.५ मा औसत प्राप्ताङ्क ०.७० निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम अङ्क ल्याउने ३८ जना, मध्यम अङ्क ल्याउने ६ जना र निम्न अङ्क ल्याउने ६ जना रहेको पाइन्छ ।

७. वर्ण विन्यासका आधारमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको पूर्णाङ्क १ को औसत प्राप्ताङ्क ०.६८, निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम अङ्क ल्याउने २७ जना मध्यम अङ्क ल्याउने ११ जना र निम्न अङ्क ल्याउने १२ जना रहेको पाइन्छ ।

८. विषय वस्तुका आधारमा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको पूर्णाङ्क २.५ मा औसत प्राप्ताङ्क १.१८, निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम अङ्क ल्याउने २४ जना, मध्यम अङ्क ल्याउने १८ जना र निम्न अङ्क ल्याउने ८ जता रहेको पाइन्छ ।

९. क्रम बद्धताका आधारमा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको पूर्णाङ्क २ मा औसत प्राप्ताङ्क ०.६२, निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम अङ्क ल्याउने १६ जना, मध्यम अङ्क ल्याउने ११ जना र निम्न अङ्क ल्याउने २३ जना रहेको पाइन्छ ।

१०. वाक्य गठनका आधारमा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको पूर्णाङ्क १.५ मा औसत प्राप्ताङ्क ०.७०, निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम अङ्क ल्याउने २३ जना, मध्यम अङ्क ल्याउने ८ जना र निम्न अङ्क ल्याउने १९ जना रहेको पाइन्छ ।

११. मौलिकताका आधारमा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको पूर्णाङ्क १.५ मा औसत प्राप्ताङ्क ०.७०, निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम अङ्क ल्याउने २३ जना, मध्यम अङ्क ल्याउने ८ जना र निम्न अङ्क ल्याउने १९ जना रहेको पाइन्छ ।

१२. शैली वा प्रस्तुतीकरणका आधारमा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको पूर्णाङ्क १.५ मा औसत प्राप्ताङ्क ०.७६, निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम अङ्क ल्याउने २४ जना, मध्यम अङ्क ल्याउने ७ जना र निम्न अङ्क ल्याउने १९ जना रहेको पाइन्छ ।

१३. वर्ण विन्यासका आधारमा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको पूर्णाङ्क १ मा औसत प्राप्ताङ्क ०.५६, निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम अङ्क ल्याउने २३ जना, मध्यम अङ्क ल्याउने १२ जना र निम्न अङ्क ल्याउने १५ जना रहेको पाइन्छ ।

१४. समग्रमा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको भन्दा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको दैनिकी लेखन क्षमता राम्रो रहेको पाइन्छ ।

१५. लैङ्गिकताका आधारमा छात्रहरुले विषय वस्तुका आधारमा पूर्णाङ्क २.५ औसत प्राप्ताङ्क १.२६, निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम अङ्क ल्याउने १६ जना, मध्यम अङ्क ल्याउने २१ जना र निम्न अङ्क ल्याउने १३ जना रहेको पाइन्छ ।

१६. छात्रहरुको क्रम बद्धताका आधारमा पूर्णाङ्क २ मा औसत प्राप्ताङ्क ०.७६, निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम अङ्क ल्याउने १२ जना, मध्यम अङ्क ल्याउने ३२ जना र निम्न अङ्क ल्याउने ६ जना रहेको पाइन्छ ।

१७. छात्रहरुको वाक्य गठनका आधारमा पूर्णाङ्क १.५ मा औसत प्राप्ताङ्क ०.७०, निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम अङ्क ल्याउने २३ जना, मध्यम अङ्क ल्याउने ९ जना र निम्न अङ्क ल्याउने १८ जना रहेको पाइन्छ ।

१८. छात्रहरुको शैली वा प्रस्तुतीकरणका आधारमा पूर्णाङ्क १.५ मा औसत प्राप्ताङ्क ०.६८, निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम अङ्क ल्याउने २३ जना, मध्यम अङ्क ल्याउने ८ जना र निम्न अङ्क ल्याउने १९ जना रहेको पाइन्छ ।

१९. छात्रहरुको वर्ण विन्यासका आधारमा पूर्णाङ्क १ मा औसत प्राप्ताङ्क ०.६८, निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम अङ्कले ल्याउने ३१ जना, मध्यम अङ्क ल्याउने ९ जना र निम्न अङ्क ल्याउने १० जना रहेको पाइन्छ ।

२०. लैङ्गिकताका आधारमा छात्राहरुले विषय वस्तुका आधारमा पूर्णाङ्क २.५ मा औसत प्राप्ताङ्क १.५२, निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम अङ्क ल्याउने ३६ जना, मध्यम अङ्क ल्याउने ४ जना र निम्न अङ्क ल्याउने १० जना रहेको पाइन्छ ।

२१. छात्राहरुको क्रम बद्धताका आधारमा पूर्णाङ्क २ मा औसत प्राप्ताङ्क १.१६, निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम अङ्क ल्याउने २९ जना, मध्यम अङ्क ल्याउन १३ जना र निम्न अङ्क ल्याउने ८ जना रहेको पाइन्छ ।

२२. छात्राहरुतर्फ वाक्य गठनका आधारमा पूर्णाङ्क १.५ मा औसत प्राप्ताङ्क ०.८८, निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम अङ्क ल्याउने ३६ जना, मध्यम अङ्क ल्याउने ९ जना र निम्न अङ्क ल्याउने ५ जना रहेको पाइन्छ ।

२३. छात्राहरुतर्फ मौलिकताका आधारमा पूर्णाङ्क १.५ मा औसत प्राप्ताङ्क ०.६८, निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम अङ्क ल्याउने २७ जना, मध्यम अङ्क ल्याउने १४ जना निम्न अङ्क ल्याउने ९ जना रहेको पाइन्छ ।

२४. छात्राहरुतर्फ शैलीका आधारमा पूर्णाङ्क १.५ मा औसत प्राप्ताङ्क ०.५८, निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम अङ्क ल्याउने ३४ जना, मध्यमा अङ्क ल्याउने १० जना र निम्न अङ्क ल्याउने ६ जना रहेको पाइन्छ ।

२५. छात्राहरुतर्फ वर्ण विन्यासका आधारमा पूर्णाङ्क १ मा औसत प्राप्ताङ्क ०.६६, निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम अङ्क ल्याउने ३२ जना, मध्यम अङ्क ल्याउने १३ जना र निम्न अङ्क ल्याउने ५ जना रहेको पाइन्छ ।

२६. छात्राहरुतर्फ समग्र विद्यार्थीहरुको विषय वस्तुका आधारमा पूर्णाङ्क २.५ मा औसत प्राप्ताङ्क १.३८, निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम अङ्क ल्याउने ६४ जना, मध्यम अङ्क ल्याउने ३४ जना र निम्न अङ्क ल्याउने २ जना रहेको पाइन्छ ।

२७. समग्र विद्यार्थीहरुको क्रम बद्धताका आधारमा पूर्णाङ्क २ मा औसत प्राप्ताङ्क १.०४, निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम अङ्क ल्याउने ३२ जना, मध्यम अङ्क ल्याउने ६२ जना र निम्न अङ्क ल्याउने १६ जना रहेको पाइन्छ ।

२८. समग्र विद्यार्थीहरुले वाक्य गठनका आधारमा पूर्णाङ्क १.५ मा औसत प्राप्ताङ्क ०.८०, निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम अङ्क ल्याउने ५१ जना, मध्यम अङ्क ल्याउने ३३ जना र निम्न अङ्क ल्याउने १६ जना रहेको पाइन्छ ।

२९. समग्र विद्यार्थीहरुको मौलिकताका आधारमा पूर्णाङ्क १.५ मा औसत प्राप्ताङ्क ०.६७, निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम अङ्क

ल्याउने ४४ जना, मध्यम अङ्क ल्याउने ४१ जना र निम्न अङ्क ल्याउने १५ जना रहेको पाइन्छ ।

३०. समग्र विद्यार्थीहरुतर्फ शैली वा प्रस्तुतीका आधारमा पूर्णाङ्क १.५ मा औसत प्राप्ताङ्क ०.८०, निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम अङ्क ल्याउने ३९ जना मध्यम अङ्क ल्याउने ४५ जना र निम्न अङ्क ल्याउने १६ जना रहेको पाइन्छ ।

३१. समग्र विद्यार्थीहरुतर्फ वर्ण विन्यासका आधारमा पूर्णाङ्क १ मा औसत प्राप्ताङ्क ०.५१, निम्नतम र अति उत्तम अङ्क ल्याउने विद्यार्थी नरहेको, उत्तम प्राप्ताङ्क ५५, मध्यम प्राप्ताङ्क २४ र निम्न प्राप्ताङ्क २१ रहेको पाइन्छ ।

## ७.३ उपयोगिता

प्रस्तुत अध्ययनको निम्न लिखित शैक्षणिक उपयोगिताहरु रहेका छन् :

### ७.३.१ नीतिगत उपयोगिता

१. पाठ्यक्रम विद्हरुलाई दैनिकी लेखन सम्बन्धी पाठ्यक्रममा समाविष्ट गर्नुपर्ने विषय वस्तुहरुको बारेमा आधार सामग्रीका रूपमा उपयोगी हुन सक्छ ।

२. प्रस्तुत शोध पाठ्य पुस्तक लेखकहरुलाई स्रोत सामग्रीको रूपमा उपयोगी हुन सक्छ ।

३. यसले पाठ्य पुस्तक लेखनमा लेखकलाई दैनिकी लेखन सम्बन्धी ढाँचा, संरचना जस्ता कुराहरुको मार्ग प्रस्तुत गर्न सक्छ ।

### ७.३.२ प्रयोगगत तह

१. प्रस्तुत शोधपत्रको अध्ययनले विद्यार्थीहरुको दैनिकी लेखन क्षमता कस्तो छ भन्ने बुझाउँछ ।

२. प्रस्तुत अध्ययनबाट लेखन सिपका साथै भाषिक शुद्धता प्रति सचेत गराउँछ ।

३. भाषिक सिपगत उद्देश्य पुरा हुने गरी विधागत क्षेत्र निर्धारण गर्न सहयोग पुग्ने देखिन्छ ।

४. दैनिकी लेखनमा विद्यार्थीहरुले कस्ता त्रुटिहरु गरेका छन् र त्यस्ता त्रुटि के कारणले गर्छन् भनी पहिचान गरी निराकरणको उपायहरु अवलम्बन गर्न सहयोग गर्छ ।

५. दैनिकी लेखनको ढाँचा वा तौरतरिका सम्बन्धी आवश्यक ज्ञानको बोध गराउँछ ।

६. भावी अध्ययन अनुसन्धानका लागि सहयोगी बन्न सक्छ ।

७. विद्यालय तहमा दैनिकी लेखन शिक्षणको महत्त्वको सन्देश विस्तार गर्न सहयोगी हुन सक्छ ।

८. संस्थागत र सामुदायिक विद्यालयका अध्ययनरत विद्यार्थीहरुको लेखन क्षमताको स्तर वृद्धि गर्न सहयोगी हुन सक्छ ।

९. लैङ्गिक आधारमा छात्र छात्राहरुको स्तर पहिचान गरी समानतामूलक स्तर वृद्धि गर्न सहयोगी हुन सक्छ ।

१०. विद्यालय तहका विषय शिक्षकहरुलाई दैनिकी लेखन गराउँदा के कस्ता ढाँचामा शिक्षण गराउने भन्ने कुराको जानकारी गराउन सहयोग मिल्न सक्छ ।

## सन्दर्भ सूची


अधिकारी, भुपाल (२०७२), *इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

अधिकारी, हेमाङ्ग राज (२०६७), *नेपाली भाषा शिक्षण,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

कार्की, अनुका (२०७१), *सर्लाही जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको वाद विवाद लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनाल, कल्पना (२०७३), *दाङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गौतम, पवित्रा (२०६७), *कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरुको सारांश लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, धन कुमारी (२०७३), *सुर्खेत जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको दैनिकी लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

थापा, कमल (२०६९), *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, माधव प्रसाद (२०७०), नेपाली भाषा शिक्षण, काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

पौड्याल, नेत्र प्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : पैरवी प्रकाशन ।

पाण्डेय, दीपक (२०६६), *उत्तम मा.वि. कक्षा बाह्रमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भण्डारी, मिलन (२०७१), *कक्षा आठमा अध्ययनरत विद्‍यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भण्डारी, विष्णु बहादुर (२०७२), *बभ्हाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्‍यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

लामिछाने, यादव प्रकाश (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्‍यार्थी पुस्तक भण्डार ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्‍यार्थी पुस्तक भण्डार ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०६८), नेपाली भाषा शिक्षणका सन्दर्भहरु, काठमाडौँ : विद्‍यार्थी पुस्तक भण्डार ।

सुवेदी, पद्‍म राज (२०७०), *कक्षा दशमा अध्ययनरत विद्‍यार्थीको सारांश लेखन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

## परिशिष्ट 'क'

## दैनिकी लेखनमा प्रयोग गरिएको शीर्षक र मूल्याङ्कनका आधारहरु

आफ्नो विद्यालयमा आयोजना गरिएको सरस्वती पूजा र अभिभावक दिवसमा आफू सहभागी भएको कुरा उल्लेख गर्दै एक दिनको दैनिकी लेख्नुहोस्

| क्र.सं. | शीर्षक | अङ्क |
|---|---|---|
| १ | विषय वस्तु | २.५ |
| २ | क्रम बद्धता | २ |
| ३ | वाक्य गठन र शब्द चयन | १.५ |
| ४ | मौलिकता | १.५ |
| ५ | शैली वा प्रस्तुतीकरण | १.५ |
| ६ | वर्ण विन्यास | १ |
| | जम्मा | १० |

## परिशिष्ट 'ख'

### तथ्याङ्क सङ्कलनका प्रतिनिधि नमुना विद्यालय तथा विद्यार्थीहरुको नामावली

### सामुदायिक विद्यालयका छात्र छात्राहरुको नामावली

| श्री महेन्द्र ज्योति माध्यमिक विद्यालय दरबार मार्ग, गोरखा | | | |
|---|---|---|---|
| क्र.सं. | छात्राको नाम | क्र.सं. | छात्रको नाम |
| १ | ससिता श्रेष्ठ | १ | दिनेश गुरुङ |
| २ | सृष्टि शिवभक्ति | २ | मिन बहादुर थापा मगर |
| ३ | शोभा परियार | ३ | सन्तोष थापा मगर |
| ४ | कसिसा वि.क | ४ | विजय नेपाली |
| ५ | सृष्टि बसेल | ५ | राहुल योगी |

| **श्री महालक्ष्मी माध्यमिक विद्यालय लक्ष्मी बजार, गोरखा** | | | |
|---|---|---|---|
| क्र.सं. | छात्राको नाम | क्र.सं. | छात्रको नाम |
| १ | कुसुम आले मगर | १ | श्याम सुन्दर रम्तेल |
| २ | पुजा कुवँर | २ | सन्देश के.सी |
| ३ | अनिसा सिर्मल | ३ | अतित के.सी |
| ४ | अनिसा राना मगर | ४ | अशोक श्रेष्ठ |
| ५ | अमृता थापा क्षेत्री | ५ | निरज थापा |

**श्री शक्ति माध्यमिक विद्यालय पाटेचौर, गोरखा**

| क्र.सं. | छात्राको नाम | क्र.सं. | छात्रको नाम |
|---|---|---|---|
| १ | रविना सुनार | १ | प्रकाश गुरुङ |
| २ | रीता गुरुङ | २ | प्रशान्त श्रेष्ठ |
| ३ | निरुसा के.सी | ३ | सरोज गुरुङ |
| ४ | नमृता गुरुङ | ४ | सनोज गुरुङ |
| ५ | रिता आले मगर | ५ | सचिन थापा |

**श्री रत्न राज्य माध्यमिक विद्यालय विरिञ्चोक, गोरखा**

| क्र.सं. | छात्राको नाम | क्र.सं. | छात्रको नाम |
|---|---|---|---|
| १ | बिन्दर राना | १ | ऋषिराम रेग्मी |
| २ | उषा आले | २ | उज्वल घिमिरे |
| ३ | रेशिका आले | ३ | सुजन मगर |
| ४ | नन्दिता भुजेल | ४ | दिवस बराम |
| ५ | रुविना रिमाल | ५ | दिवस कुँवर |

| श्री महेन्द्रज्योति माध्यमिक विद्यालय कुन्दुर | | | |
|---|---|---|---|
| क.सं. | छात्राको नाम | क.सं. | छात्रको नाम |
| १ | रन्जना कुमाल | १ | नवीन कुमाल |
| २ | मोनिका कुमाल | २ | सुवास जो.सी |
| ३ | सरिना श्रेष्ठ | ३ | समिर श्रेष्ठ |
| ४ | रोजी गुरुङ | ४ | सङ्गल घिमिरे |
| ५ | सोनी कुमाल | ५ | सागर सुनुवार |

**संस्थागत विद्यालयका छात्र र छात्राहरुको नामावली**

| श्री गोरखा मनकामना बोर्डिङ, स्कुल सति पिपल, गोरखा | | | |
|---|---|---|---|
| क.सं. | छात्राको नाम | क.सं. | छात्रको नाम |
| १ | कृष्ण बहादुर दानी | १ | रोजी थापा |
| २ | जितेन्द्र थापा मगर | २ | अनिता गुरुङ |
| ३ | प्रकाश गुरुङ | ३ | सुनिता राना मगर |
| ४ | दिलिप थापा मगर | ४ | नबिना राना मगर |
| ५ | सुनिल थापा | ५ | रेश्मा गुरुङ |

| श्री जेनियस इङलिस बोर्डिङ स्कुल नयाँ बजार, गोरखा | | | |
|---|---|---|---|
| क.सं. | छात्राको नाम | क.सं. | छात्रको नाम |
| १ | जेनिस कुँवर | १ | दिपा थापा मगर |
| २ | रवि चौधरी | २ | एलिसा थापा मगर |
| ३ | पुजन थापा मगर | ३ | पवित्रा गुरुङ |
| ४ | अशोक तामाङ | ४ | रचना श्रेष्ठ |
| ५ | संसार तामाङ | ५ | स्नेहा लामा |

| श्री लक्ष्मी सामुदायिक शिक्षा सदन लक्ष्मी बजार, गोरखा | | | |
|---|---|---|---|
| क.सं. | छात्राको नाम | क.सं. | छात्रको नाम |
| १ | ज्योति राज पुडासैनी | १ | पूजा गुरुङ |
| २ | शंकर पुडासैनी | २ | सुस्मिता थापा |
| ३ | किशोर पुडासैनी | ३ | कृष्ण थापा |
| ४ | रविन थापा | ४ | स्मृति कुँवर |
| ५ | सागर क्षेत्री | ५ | ईशा थापा मगर |

| मोर्डन सेकेन्डरी बोर्डिङ स्कुल, हरमटारी, गोरखा | | | |
|---|---|---|---|
| क.सं. | छात्राको नाम | क.सं. | छात्रको नाम |
| १ | ज्ञान बहादुर श्रेष्ठ | १ | सुमी श्रेष्ठ |
| २ | सुजल श्रेष्ठ | २ | सल्मा श्रेष्ठ |
| ३ | सौगात श्रेष्ठ | ३ | सुधा श्रेष्ठ |
| ४ | विवेक शाह | ४ | सरिना श्रेष्ठ |
| ५ | सुदीप बसेल | ५ | नानु राना मगर |

| श्री सन्टमेरिज इङ्लिस बोर्डिङ स्कुल, १४ किलो, गोरखा | | | |
|---|---|---|---|
| क.सं. | छात्राको नाम | क.सं. | छात्रको नाम |
| १ | सुदीप बसेल | १ | लक्ष्मी के.सी |
| २ | सरोज जो.सी. | २ | सूचना श्रेष्ठ |
| ३ | कृष्ण श्रेष्ठ | ३ | रेखा वि.क |
| ४ | कुमार राना मगर | ४ | रचना कुमाल |
| ५ | साजन तामाङ | ५ | सदीक्षा खनाल |